सदस्यहरुको सदस्यता संख्याको आधारमा महासंघका सदस्यको वर्गिकरण र मताधिकार नगर्ने भएपछि पुरानै व्यवस्था राखेको छु । दफा १८ र दफा १० मा हेर्नु होला । दफा १० अनुसारको वर्गिकरण अहिलेको विधानमा छैन तर २०६६ सालको निर्णय अनुसार व्यवहारमा लागू छ ।

# नेपाल उद्योग वाणिज्य महासंघको विधान - २०४९

प्रथम संशोधन २०५१।११।१२ दोश्रो संशोधन २०५३।८१४

तेस्रो संशोधन २०५७५।३१ चौथो संशोधन २०५९।४।१५

पांचौं संशोधन २०६२।९।२८ **छैठौ संशोधन २०७३।७४**

**सातौ संशोधन तथा पुर्नलेखन, २०७८**

**प्रस्तावना :**

नेपालका उद्योगी तथा व्यवसायीहरुको हकहित संरक्षण गर्दै आर्थिक क्रियाकलापमा पुँजी लगानी गर्न उचित वातावरण बनाउने उद्देश्यले २०२२ सालमा स्थापित नेपाल उद्योग वाणिज्य संघ, नेपाल उद्योग वाणिज्य महासंघमा रुपान्तरीत भई खुल्ला बजार अर्थतन्त्रको विकासमा महत्वपूर्ण र प्रभावकारी योगदान गर्दै आएको अवस्थामा नेपालको संघीय संरचना र राष्ट्रिय आवश्यकता अनुसार नीजि क्षेत्रको नेतृत्वमा आर्थिक विकास गर्न पहल गर्न नेपालको स्थानियतामा केन्द्रीत अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग एकिकृत ज्ञानमा आधारित दिगो अर्थतन्त्र स्थापना गर्न वाञ्छनिय भएकोले नेपाल उद्योग वाणिज्य महासंघको विधानमा समयानुकुल संशोधन, परिमार्जन एवं पुर्नलेखन गरि नेपाल उद्योग वाणिज्य महासंघको विशेष साधारणसभाले देहाय बमोजिको विधान बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम तथा प्रारम्भ

१.१ यस विधानको नाम नेपाल उद्योग वाणिज्य महासंघको विधान, २०४९ रहेको छ ।

१.२ यो विधान तुरुन्त लागू हुनेछ ।

### २. परिभाषा

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

२.१.१ “महासंघ” भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ (नेउवामहासंघ) र अंग्रेजीमा Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) लाई सम्झनु पर्छ । **यो शब्दले प्रदेश महासंघ समेतलाई जनाउनेछ ।**

२.१.२ “कार्यकारिणी समिति” भन्नाले यस विधान बमोजिम गठित महासंघको कार्यकारिणी समिति (Executive Committee) सम्झनु पर्छ ।

२.१.३ "कार्यकारिणी समिति सदस्य" भन्नाले महासंघको कार्यकारिणी समितिका बहालमा रहेका सदस्य सम्झनु पर्छ र यसले पदाधिकारी समेतलाई जनाउछ ।

२.१.४ "विधान" भन्नाले महासंघको यस विधानलाई सम्झनु पर्छ ।

२.१.५ "उद्योग वाणिज्य" भन्नाले उद्योग, वाणिज्य, बैंकिङ्ग तथा वित्तिय, निर्यात-प्रबर्धन, सूचना तथा सञ्चार, बीमा, पर्यटन, यातायात, निर्माण, कृषि, सेवा उद्योग र अन्य व्यवसाय समेतलाई सम्झनु पर्छ ।

२.१.६ "सदस्य" भन्नाले यस विधान बमोजिम महासंघको सदस्यता प्राप्त गरेको सदस्यलाई सम्झनु पर्छ ।

२.१.७ "साधारण सभा" भन्नाले महासंघको वार्षिक साधारण सभा र विशेष साधारण सभा समेतलाई जनाउने छ ।

२.१.८ "श्रम" भन्नाले रोजगारदाता सम्बन्धि विषय समेतलाई सम्झनु पर्छ ।

२.१.९ "पदाधिकारी" भन्नाले महासंघका अध्यक्ष, निर्वतमान अध्यक्ष र उपाध्यक्षहरुलाई सम्झनु पर्छ ।

२.१.१० "आर्थिक वर्ष" भन्नाले नेपाल सरकारले तोकेको बमोजिम हुनेछ ।

२.१.११ "तोके बमोजिम वा तोकिए बमोजिम" भन्नाले यस विधानले दिएको अधिकार प्रयोग गरी बनाइएको नियम, उपनियमद्वारा वा कार्यकारिणी समितिले तोके बमोजिम वा तोकिए बमोजिम सम्झनु पर्छ ।

२.१.१२ "पूर्व अध्यक्ष" भन्नाले निवर्तमान अध्यक्ष बाहेकलाई जनाउनेछ ।

२.१.१३ "उद्योग वाणिज्य संघ" भन्नाले जिल्ला/पालिका स्तरीय उद्योग वाणिज्य संघलाई र द्विराष्ट्रिय, वैदेशिक उद्योग वाणिज्य संघलाई समेत जनाउनेछ ।

२.१.१४ **"प्रदेश महासंघ" भन्नाले यस विधान बमोजिम स्थापित नेपाल उद्योग वाणिज्य महासँघको प्रादेशिक ईकाई सम्झनु पर्छ । प्रदेश महासंघहरुको संख्या नेपालको संविधान अनुसार हुनेछन् । प्रदेश महासंघहरुको नाम लेख्दा नेपाल उद्योग बाणिज्य महासघं र त्यसपछि प्रदेशको नाम लेख्नु पर्नेछ । जस्तै "नेपाल उद्योग वाणिज्य महासंघ, बागमती प्रदेश"** ।

**२.१.१५ "**पूर्व **अध्यक्ष परिषद" भन्नाले नेपाल उद्योग वाणिज्य महासंघका** पूर्व **अध्यक्षहरुको परिषद सम्झनु पर्छ ।**

**२.१.१६ "आर्थिक कुटनीति" यस विधान बमोजिम नेउवामहासंघले नेपालको बृहत्त रहितको लागि गरिने कुटनीति जनाउने छ ।**

**२.१.१७ "केन्द्र"** भन्नाले काठमाण्डौंमा अवस्थित नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रिय सचिवालय सहितको कार्यकारिणी समितिलाई जनाउने छ ।

BikashNews

## ३. महासंघको कार्यालय

३.१ महासंघको मुख्य कार्यालय काठमाण्डौं उपत्यकामा रहने छ र प्रदेश महासंघहरुका कार्यालय प्रत्येक प्रदेशको केन्द्रमा रहनेछन् ।

३.२ महासंघले आफ्नो उद्देश्य पूर्तिको निमित्त नेपाल राज्य भित्र वा बाहिर आवश्यकता अनुसार कार्यालयहरु खडा गर्न सक्नेछ ।

## ४. महासंघको छाप तथा चिन्ह

४.१ महासंघको आफ्नो छुट्टै झण्डा, छाप तथा प्रतीक चिन्ह हुनेछ ।

४.२ महासंघको झण्डा, छाप र प्रतीक चिन्ह अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद २

## महासंघको उद्देश्य तथा कार्य प्रणाली

## ५. महासंघको उद्देश्य

महासंघका मुख्य उद्देश्यहरु निम्न बमोजिम हुनेछन् ।

**५.१ नेपालको संविधानमा व्यवस्था गरिएको संघीय संरचना अनुसार स्थानिय, प्रादेशिक, केन्द्रिय र अन्य आवश्यक स्थानमा नीजि क्षेत्रको प्रभावकारी प्रतिनिधित्व गर्ने गराउने ।**

५.२ नेपालका उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्ने गराउने । उद्योगी तथा व्यवसायीहरुको प्रतिनिधित्व गर्ने सर्वोच्च संघीय संस्थाको रुपमा कार्य गर्ने गराउने ।

**५.३ नीजि क्षेत्रको नेतृत्वमा नेपालको आर्थिक विकास गर्न पहल गर्ने गराउने र सोहि बमोजिम नीतिगत तथा प्रकृयागत सुधारको लागि नेतृत्व गर्ने ।**

५.४ विश्व अर्थतन्त्रमा आएका नुतन अवधारणा र परिवर्तनलाई आत्मसाथ गर्दै खुल्ला बजार अर्थतन्त्रको विकासमा महत्वपूर्ण र प्रभावकारी योगदान गर्ने गराउने । राष्ट्रिय आर्थिक विकासलाई मजबुत बनाउन नीजि क्षेत्रको सहभागिता प्रबर्द्धन गर्दै खुल्ला बजार अर्थ नीति तथा आर्थिक उद्धारिकरणको नीतिबाट कसरी लाभान्वित हुन सकिन्छ भन्ने तर्फ सचेततापूर्वक क्रियाशील रहने, काम गर्ने गराउने ।

५.५ उद्योग तथा वाणिज्य क्षेत्रका रोजगारदाताहरुको हक हितको संरक्षणका लागि रोजगारदाता संगठनको रुपमा काम गर्ने गराउने । नेपाल राज्यमा असल औद्योगिक सम्बन्ध विकासका लागि रोजगारदाता र श्रमिकहरु बीच सुमधुर सम्बन्ध र उत्पादकत्वको विकास गर्ने गराउने ।

५.६ नेपाल सरकारले तर्जुमा गर्ने आर्थिक **विकास**, मौद्रिक तथा वाणिज्य क्षेत्रसँग सम्बन्धित कानून तथा नीति निर्माण, संशोधन र खारेजी प्रक्रियामा समय सापेक्ष काम गर्ने गराउने **र परामर्श दिने** ।

५.७ राष्ट्रिय अर्थ व्यवस्थालाई सवल, सक्षम, सुदृढ र आत्मनिर्भर तुल्याउदै राष्ट्रको आर्थिक तथा सामाजिक विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा उद्योग, व्यापार र **लगानीको** विस्तार र विकास गर्ने गराउने ।

५.८ वैदेशिक लगानीका क्षेत्रहरु पहिचान गरि त्यस्तो क्षेत्रमा लगानी आकर्षित गर्न आवश्यक वातावरण सिर्जना गर्ने गराउने ।

५.९ राष्ट्रिय हितलाई सर्वोपरि ठान्दै सोको संरक्षण सम्बर्द्धन र संपोषण गर्न समान उद्देश्य भएका राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा संगठन सँग पारस्परिक सहयोग सद्भाव र सहकार्य बढाउने तथा भाईचाराको सम्बन्ध स्थापना गर्ने काम गर्ने गराउने ।

५.१० राष्ट्रको आर्थिक विकासमा प्रत्यक्ष वा परोक्ष रुपले प्रभाव पार्ने कुनै पनि विषय, पक्ष वा ऐन, कानून, नियम, नीति, योजना तथा कार्यक्रमको अध्ययन, विश्लेषण, विवेचना, समीक्षा, गोष्ठी तथा अन्तरक्रिया गर्ने, गराउने र सोबाट प्राप्त निष्कर्ष, प्रक्रिया, सुझाव सम्बन्धित निकाय समक्ष पेश गर्ने, ध्यानाकर्षण गर्ने र त्यसको कार्यान्वयन गर्न गराउन निरन्तर अनुगमन गर्ने । साथै प्राप्त निष्कर्ष, सुझाव, प्रक्रिया वा अध्ययन अनुसन्धानबाट प्राप्त प्रतिवेदन आवश्यकता अनुसार प्रकाशन गर्ने प्रचार प्रसार गर्ने काम गर्ने गराउने ।

५.११ उद्योग वाणिज्य, श्रम तथा सम्बन्धित क्षेत्र वा विषयमा आवश्यकता अनुसार राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका कार्यक्रमहरुको आयोजनाका साथै सक्रिय सहभागिता गर्ने गराउने ।

५.१२ उद्योग, वाणिज्य तथा श्रम सम्बन्धी विवादको मध्यस्थता गर्ने ***गराउने*** र सोको निमित्त सबै किसिमको आवश्यकीय कार्यवाही गर्ने गराउने । कुनै पनि प्रकारका व्यापारिक विवाद, असहमति तथा असमझदारीलाई **विवाद समाधानका वैकल्पिक माध्यमहरु** जस्तै पारस्परिक वार्ता, सद्भाव तथा मध्यस्थताबाट समाधान गर्ने गराउने ।

५.१३ कुनै वस्तुको उत्पत्तिको प्रमाणपत्र (सर्टिफिकेट अफ ओरिजिन) जारी गर्ने वा गर्न लगाउर्ने ।

५.१४ **गैह्र आवाशिय नेपालीहरुको पुँजी, सीप र क्षमतालाई नेपालको आर्थिक विकासमा उपयोग गर्न आवश्यक पहल गर्ने गराउने ।**

५.१५ **द्धिराष्ट्रिय तथा वैदेशिक उद्योग वाणिज्य संघहरु मार्फत विभिन्न देशहरु सँग लगानी प्रवर्धन तथा संरक्षण सम्बन्धि आपसी सहयोग लगायतका कामहरु गर्ने गराउने र नेपालको अर्थतन्त्रलाई विश्व अर्थतन्त्र सँग एकिकृत गर्न आवश्यक काम गर्ने गराउने ।**

**५.१६ नेपाली उत्पादनहरुको पहिचान र ब्राण्ड विश्व बजारमा फैलाउन आवश्यक पहल गर्ने गराउने ।**

**५.१७ वैदेशिक सदस्य र द्धिराष्ट्रिय उद्योग वाणिज्य संघ लगाएतका महासंघका सदस्यहरु मार्फत नेपालको आर्थिक कुटनीतिमा उल्लेखिय र प्रभावकारी भुमिका खेल्ने ।**

५.१८ उद्योग, वाणिज्य तथा अन्य विषय सम्बन्धि मेला तथा प्रदर्शनीहरुको व्यवस्था गर्ने गराउने र भाग लिने, लिन लगाउने ।

५.१९ उद्योग, वाणिज्य, श्रम तथा अन्य आर्थिक विषयहरुमा अध्ययन अनुसन्धान गर्ने गराउने र उपयुक्त जानकारीहरु प्रचार प्रसार गर्न आवश्यक सूचना आदान प्रदानका साथै पत्रपत्रिका, पुस्तक पुस्तिकाहरु प्रकाशित गरि गराई विक्री एवं वितरण गर्ने गराउने ।

५.२० विशेषज्ञ, प्रशासक, राजनैतिक व्यक्तित्वहरु, सञ्चार माध्यम, वौद्धिक समुदाय (एकेडेमिसियन) गैह्र व्यवसायिक संघ संस्था एवं युवाहरु सँग यथासम्भव निरन्तर संवाद र सम्पर्क कायम राखि अघि बढ्ने ।

५.२१ सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संस्थाहरुको सदस्यता लिने, विभिन्न मुलुकहरुको संघ संस्था सँग प्रतिनिधिहरुको आदान प्रदान गर्ने, विचार विमर्श गर्ने गराउने, सम्बन्ध स्थापित गर्ने गराउने र सहयोगको आदान प्रदान गर्ने गराउने ।

५.२२ नेपाल राज्यमा असल औद्योगिक सम्बन्ध विकासका लागि रोजगारदाता र श्रमिकहरु बीच सुमधुर सम्बन्धको विकास गर्ने आवश्यक व्यवस्था गर्ने गराउने ।

५.२३ महासंघको उद्देश्य पूर्तिको निमित्त आवश्यक आर्थिक श्रोतको परिचालन गर्ने नियम, उपनियम बनाउने र अन्य आवश्यक प्रशासनिक लगायतका कार्यहरु ***गर्ने*** गराउने ।

५.२४ देशको वातावरण संरक्षण, आधुनिक प्रविधिको विकास, राष्ट्रिय उत्पादकत्व वृद्धि एवं जनसाधन विकास सम्बन्धि नीतिहरुसँग उद्योग वाणिज्य क्षेत्रको सामन्जस्यता स्थापित गर्ने गराउने ।

५.२५ प्रचलित नेपाल कानून वा आधिकारिक निकायबाट प्रत्यायोजित अधिकारको प्रयोग प्रचलन गर्ने गराउने वा निर्देशित कार्य गर्ने गराउने ।

५.२६ राष्ट्रिय नीतिहरु सँग उद्योग वाणिज्य क्षेत्रको सामन्जस्यता स्थापित गर्दै देश भित्र उद्योग, वाणिज्य तथा व्यापारिक संघ संस्थाको विकास एवं विस्तार गर्ने तथा उद्योग वाणिज्य क्षेत्रमा सद्भाव, इमान्दारिता, सहिष्णूता कायम राख्दै संस्थागत सामाजिक दायित्व (Corporate Social Responsibility), नैतिक मुल्य, मान्यता र व्यवसायिक आचार संहिता (Business Code of Conduct) जस्ता विषयको मान्यता स्थापित गर्ने गराउने ।

५.२७ माथि लेखिएका उद्देश्यहरु परिपूर्ति गर्ने सन्दर्भमा गर्नुपर्ने अन्य सबै आवश्यक कार्यहरु गर्ने गराउने ।

## ६. महासंघको उदेश्य पूरा गर्न गरिने अन्य कामहरु

६.१ महासंघले कसै उपर उजूर नालिस गर्न र कसैले आफू उपर दावी गरेको नालिश उजूरमा प्रतिरक्षा गर्न सक्नेछ ।

६.२ महासंघले आफ्नो नाममा चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, आफ्नो नामको सम्पत्ति भोग गर्न तथा आवश्यकता अनुसार आफ्नो हक/स्वामित्व कुनै किसिमले हस्तान्तरण गर्न सक्नेछ ।

६.३ महासंघले आफ्नो तथा आफ्ना सदस्यहरुको हक हितको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यकता अनुसार प्रचलित कानूनको अधिनमा आवश्यक कार्यवाही गर्न गराउन सक्नेछ ।

६.४. महासंघले आफुले गर्नुपर्ने काम गर्न कसैलाई विधिपूर्वक प्रतिनिधित्व गर्ने **अख्तियारी दिन** वा **तोक्न** सक्नेछ ।

६.५ महासंघले यस विधानको अधिनमा रही आफ्नो उद्देश्य पूर्तिको लागि व्यवसायीकता (Professionalism) तथा आधुनिक पद्धति अप्नाई आफ्नो कार्य संचालन गर्नेछ ।

## ७. महासंघको हैसियत र कार्य प्रणाली

७.१ महासंघ एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित गैह्र नाफामुलक संगठित संस्था हुनेछ ।

७.२ महासंघले आफ्नो कार्य सञ्चालनका लागि छुट्टै छाप तथा चिन्हको प्रयोग गर्न सक्नेछ र त्यस्तो छाप वा चिन्ह प्रयोग भएको कागजातहरु अन्यथा प्रमाणित नभएसम्म महासंघबाट भए गरेको मानिने छ ।

७.३ पदाधिकारी तथा कार्यकारिणी समितिका सदस्यहरु र महासंघका कर्मचारीहरुले महासंघको कामकाज गर्दा बदनियत चिताई काम कार्यवाही गरी हानी नोक्सानी हुन गएमा व्यक्तिगत रुपले जवाफदेही हुनु पर्नेछ ।

७.४ **महासंघको कार्यप्रणाली यो विधान बमोजिमको संघीय संरचना अनुसार हुने छ । प्रदेश महासंघहरु महासंघका अभिन्न अङ्गको रुपमा रहने छन् र विधान अनुसार महासंघका शाखा कार्यलयको रुपमा काम गर्ने छन् । महासंघले प्रदेश महासंघहरुको सुपरिवेक्षण तथा निरिक्षण गर्ने छ र विधान बिपरित काम भए गरेमा वा हुने गर्ने सम्भावना रहेको अवस्थामा आवश्यक कारवाही गर्न सक्नेछ ।**

*७.५ कार्यकारणी समितिले कुनै निर्णय गर्दा बहुमतको आधारमा गरिने छ ।*

७.६ कार्यकारिणी समितिले महासंघका सदस्यहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ। महासंघले दिएको निर्देशनको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

७.७ महासंघको निर्देशनको पालना नगर्ने सदस्यलाई आवश्यकता अनुसार महासंघबाट प्रवाह गरिने सूचना, सल्लाह, सहयोग एवं सहायता बन्द गरी सदस्यताबाट निलम्बन र निस्काशन समेत गर्न सकिने छ ।

# परिच्छेद ३

## सदस्यता

## ८. सदस्यको योग्यता र आधारभूत प्रतिबद्धता

८.१ महासंघको सदस्यता लिन चाहने हरेक संघ/संस्था प्रचलित नेपाल कानून बमोजिम दर्ता भई स्थापित भएको हुनु पर्नेछ ।

**८.२ महासंघका प्रत्येक सदस्यहरुले महासंघको विधान पालना गर्नु पर्ने छ तथा निम्न आधारभूत अवधारणाहरु स्वीकार गर्नु पर्नेछ र ति अवधारणाहरु आफ्नो विधानमा क्रमशः समावेश गर्नुपर्ने छ । ति अवधारणाहरु निम्न बमोजिम छन् :**

(क) उद्योगी तथा व्यवसायीको हकहित संरक्षण

(ख) खुल्ला बजार अर्थतन्त्रको विकासमा महत्वपूर्ण र प्रभावकारी योगदान गर्ने

(ग) निजी क्षेत्रको नेतृत्वमा आर्थिक विकास

(घ) संघीय संरचना र ज्ञनमा आधारित अर्थतन्त्र

(ङ) महासंघको व्यवसायीक आचार संहिता पालना गर्ने प्रतिबद्धता

## ९. सदस्यताको प्रकार

९.१ महासंघका सदस्य निम्न बमोजिम हुनेछन् :

(क) जिल्ला उद्योग वाणिज्य संघ

(ख) पालिका उद्योग वाणिज्य संघ

(i) महानगर उद्योग वाणिज्य संघ

(ii) उपमहानगर उद्योग वाणिज्य संघ

(iii) नगर उद्योग वाणिज्य संघ

(iv) गाउपालिका उद्योग वाणिज्य संघ

(ग) वस्तुगत सदस्य

(i) वस्तुगत संघ

(ii) वस्तुगत महासंघ

(घ) एशोसिएट सदस्य

(i) औद्योगिक तथा व्यवसायिक प्रतिष्ठान

(ङ) द्विराष्ट्रिय उद्योग वाणिज्य संघ

(च) मानार्थ सदस्य (मानार्थ सदस्यको मताधिकार हुने छैन ।)

(छ) *आवद्ध सदस्य* : आवद्ध सदस्यको मताधिकार हुने छैन । तर साधारण सदस्यको मापदण्ड पूरा गरेपछि साधारण सदस्य हुन सक्ने छ ।

(ज) प्रदेश स्तरिय सदस्य- प्रदेश तहमा मात्र मतदान गर्न पाउने सदस्यलाई प्रदेश स्तरिय सदस्य भनिने छ । तर यस्तो सदस्यता केन्द्रले प्रदान गर्ने छ ।

१०. **सदस्यहरुको वर्गिकरण**

१०.१ महासंघले आफ्ना सदस्यहरुलाई क, ख र ग श्रेणीमा वर्गिकरण गर्न सक्नेछ । कुनै सदस्यलाई प्रदेश स्तरमा मात्र मताधिकार तथा सहभागिता रहने गरी पनि वर्गिकरण गर्न सकिनेछ । वर्गिकरण अनुसार सदस्यहरुको सदस्यता शुल्क निर्धारण गर्न सकिनेछ ।

१०.२ सदस्यहरुको वर्गिकरणको आधार सदस्यता शुल्क र मतभार सम्बन्धि अन्य व्यवस्था नियमावली तथा मापदण्डमा तोकिए बमोजिम हुन सक्नेछ ।

११. **सदस्यता प्राप्ति**

११.१ महासंघको सदस्यता (मानार्थ सदस्य बाहेक) प्राप्त गर्न चाहनेले सदस्यताको लागि आफ्नो विधान वा प्रबन्धपत्र नियमावली एवं दर्ताको प्रमाणपत्रका साथै कार्यकारिणी समितिले समय समयमा तोके अनुसारको शर्त एवं ढाँचामा महासंघमा दरखास्त दिनु पर्नेछ ।

११.२ सदस्यताका निमित्त प्राप्त हुन आएको दरखास्तमा सदस्य समितिले सिफारिस गरेको आधारमा प्रदान गर्ने वा नगर्ने अन्तिम अधिकार कार्यकारिणी समितिको हुनेछ र कार्यकारिणी समितिले सदस्यता प्रदान गर्न स्वीकृति दिएको मिति देखि सदस्यता शुरु भएको मानिनेछ ।

११.३ दफा **२४** बमोजिमको वार्षिक साधारण सभाको सूचना जारी भई सके पछि वार्षिक साधारण सभा समाप्त नभएसम्म नयाँ सदस्यता दिन सकिने छैन ।

११.४ उद्योग र वाणिज्य दुवैको प्रतिनिधित्व गर्ने संघले आफ्नो नाममा उद्योग वाणिज्य भनी उल्लेख गरेको हुनु पर्नेछ ।

११.५ यस महासंघको **कुनै सदस्यले** महासंघमा आबद्ध भएको संघ संस्था बाहेक समान उद्देश्य र **प्रकृति** भएका उद्योग, वाणिज्य क्षेत्रका अन्य महासंघ वा संघको सदस्यता प्राप्त गर्नु हुदैन । **महासघंको सदस्य बाहेकका समान उदेश्य र प्रकृति भएका अन्य सघं वा महासघंको सदस्यता लिएमा महासंघको कार्यकारीणी समितिमा रहन सक्ने छैन ।**

११.६ सदसयता दिने अधिकार नेउवामहासंघलाई मात्र हुने छ । **तर, प्रदेश महासंघ मार्फत सदस्यता नविकरण सम्बन्धि काम गर्न गराउन सकिनेछ ।**

११.७ नेउवामहासंघको सदस्यता प्राप्त गरेपछि प्रदेश महासंघको सदस्यता स्वतः प्राप्त हुनेछ ।

११.८ सम्बन्धित उद्योग वाणिज्य संघले आफ्नो क्षेत्रभित्रका व्यापार केन्द्रहरुलाई आफु भित्र समेट्नका लागि शाखा खोल्ने व्यवस्था गर्न सक्नेछन् ।

Bikash News

## १२. जिल्ला र पालिका उद्योग वाणिज्य संघको सदस्यता

उद्योग वाणिज्य संघले सदस्यता प्राप्तिका लागि निम्न शर्त पूरा गर्नु पर्नेछ :

१२.१ नेपाल राज्यको कुनै जिल्ला वा पालिका क्षेत्रमा संगठित उद्योगी व्यापारीहरुको संगठनलाई महासंघको साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

१२.२ कुनै जिल्लामा महानगर/उपमहानगर/नगर र गाउपालिका क्षेत्र भित्र स्थापित उद्योग वाणिज्य संघलाई महासंघको साधारण सदस्यता दिन सकिनेछ ।

तर निम्न अवस्थामा यस्ता पालिकामा स्थापित संघलाई महासंघको सदस्यता दिइने छैन :

(क) जिल्ला सदरमुकाम वा नगरपालिका क्षेत्रमा उद्योग वाणिज्य संघ गठन भई सकेको भएमा ।

**(ख) पालीकाहरुको सदस्यता सम्बन्धि महासंघको मापदण्ड पूरा नगरेमा ।**

तर त्यस्तो मापदण्ड पूरा नगरेसम्म आबद्ध सदस्य रहन सक्नेछ ।

१२.३ माथि खण्ड १२.२ बमोजिम गठित उद्योग वाणिज्य संघको कार्य क्षेत्र सोहीपालिका क्षेत्र भित्र मात्र सिमित रहने छ ।

तर महासंघको कार्यकारिणी समितिले आवश्यक सम्झेमा कार्य क्षेत्र तोक्न यस खण्डले बाधा पुर्‍याएको मानिने छैन ।

## १३. वस्तुगत सदस्यता

१३.१ कुनै खास उद्योग, वाणिज्य, सेवा वा व्यवसाय, घरेलु तथा साना उद्योग, महिला उद्यमी तथा व्यवसायी सम्बन्धि प्रचलित कानून बमोजिम दर्ता भई स्थापित वस्तुगत संघले महासंघको साधारण सदस्यता प्राप्त गर्न सक्नेछ ।

१३.२ पाँच वा पाँच भन्दा बढि प्रदेशमा वा २५ भन्दा बढी जिल्ला वा नगरमा कृयाशिल वस्तुगत संघहरु सदस्य रहेको संस्थालाई वस्तुगत महासंघको सदस्यता दिन सकिनेछ ।

१३.३ कुनै एक वर्ग भित्र सिमित रहि गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सामान्यतयाः सोहि वर्गलाई समेटिएको अर्को वस्तुगत संघलाई सदस्यता दिइने छैन ।

तर कार्यकारिणी समितिलाई उचित लागेमा पाँच वा पाँच भन्दा बढी प्रदेशहरुमा प्रचलित कानून बमोजिम दर्ता भई स्थापित वस्तुगत संघहरुको हकमा एक भन्दा बढी मिल्दोजुल्दो क्षेत्र समावेश गरी वस्तुगत महासंघ सदस्यता दिन सकिनेछ ।

१३.४ हाल भइरहेका सदस्यहरुलाई यो व्यवस्थाले बाधा पर्ने छैन ।

## १४. द्विराष्ट्रिय उद्योग वाणिज्य संघको सदस्यता

१४.१ अघिल्लो तिन वर्षसम्म नेपालको कुल आयात निर्यात व्यापारको कम्तिमा **०.७५% (प्रतिशत)** अंश व्यापार हुने मुलुक सँगको व्यापार वा लगानी प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित उद्योग वाणिज्य संघलाई महासंघको सदस्यता दिन सकिनेछ । महासंघको सदस्यता प्राप्त गर्न चाहने द्विराष्ट्रिय उद्योग वाणिज्य संघले देहायका शर्तहरु पूरा गर्न आवश्यक हुनेछ :

(क) प्रचलित कानून बमोजिम दर्ता भएको र नविकरण गर्नुपर्ने भएमा नविकरण समेत गरेको हुनु पर्नेछ ।

(ख) पहिलो साधारण सभा सम्पन्न भई निर्वाचित कार्यसमिति गठन भएको ।

(ग) कम्तिमा १०० वटा प्रचलित कानून बमोजिम दर्ता भएका शुल्क तिर्ने सदस्य भएको ।

१४.२ द्विराष्ट्रिय उद्योग वाणिज्य संघको मताधिकारको हकमा एशोसिएट समूह भित्र रहने छ र सोही समूह भित्र रहि यस विधानमा गरिएको व्यवस्था अनुरुप मताधिकारको प्रयोग गर्नेछ ।

## १५. एशोसिएट सदस्यता

१५.१ रु. २,५०,००००० ⁄–(दुई करोड पचास लाख) सम्म चुक्ता पुँजी भएका प्रतिष्ठान, कम्पनी, कर्पोरेशन, बैंक ⁄ वित्तिय संस्था वा उद्योगले प्रदेश महासंघ मार्फत एशोसिएट सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१५.२ प्रदेश तहमा एशोसिएट सदस्यता लिएका संघ संस्थाले रु. २,५०,००००० ⁄–(दुई करोड पचास लाख) चुक्ता पुँजी पुर्याएर केन्द्रको एशोसिएट सदस्यता लिन सक्नेछन् । केन्द्रको एशोसिएट सदस्यता नलिएसम्म प्रदेश स्तरीय एशोसिएट सदस्य रहन सक्नेछन् ।

१५.३ एशोसिएट सदस्यता प्राप्त गर्न चाहनेले प्रचलित कानून बमोजिम दर्ता भई १ वर्ष नाघेको **र** महासंघको साधारण सदस्यको सिफारिश लिएको हुनु पर्नेछ ।

१५.४ एशोसिएट सदस्यको व्यापार वा व्यवसाय सेवा क्षेत्रको भएमा मुख्य कार्यक्षेत्र रहेको स्थानमा वा उद्योगको हकमा उद्योगको मुख्य कार्यालय रहेको स्थानमा रहेको उद्योग वाणिज्य संघको सदस्यता लिएको र सोको नविकरण गर्नुपर्ने भएमा नविकरण समेत गरेको हुनु पर्नेछ ।

१५.४ **एशोसिएट सदस्यको मुख्य कार्यक्षेत्र रहेको वा मुख्य कार्यालय रहेको प्रदेशमा मताधिकार हुनेछ ।**

## १६. आवद्ध सदस्यता

१६.१ विदेशी कम्पनी, संघ संस्थालाई र महासंघको सदस्य बन्न निकट भविष्यमा योग्यता पुग्न सक्ने स्वदेशी संघ संस्थालाई आबद्ध सदस्यता प्रदान गर्न सकिनेछ ।

१६.२ आबद्ध सदस्यलाई मत दिने तथा निर्वाचनमा भाग लिने कुनै अधिकार हुने छैन ।

१६.३ आबद्ध सदस्यले कार्यकारिणी समितिले तोके बमोजिमको वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

## १७. मार्नथ सदस्यता

**उद्योग वाणिज्य, व्यवसाय, अर्थ, व्यापार सँग सम्बन्धित कुनै प्रतिष्ठित व्यक्ति वा संस्थालाई मानार्थ सदस्यता दिँदा महासघंको उदेश्य पूरा गर्न सहयोग पुग्ने कुरामा कार्यकारिणी समिती विश्वस्त भएमा त्यस्तो व्यक्ती वा संस्थालाई मानार्थ सदस्यता दिन सकिनेछ। मानार्थ सदस्यको मताधिकार हुने छैन।**

## १८. सदस्यको पुर्वाधार र सदस्यता शुल्क

१८.१ महासंघको सदस्यता प्राप्त गर्न उद्योग वाणिज्य संघमा कानून वमोजिम दर्ता भएका नियमित शुल्क तिरेका कम्तिमा **२०००** उद्योग व्यवसाय सदस्य **भई संघ सञ्चालनका लागि कर्मचारी सहितको सचिवालय तथा संघको वार्षिक आम्दानी कम्तिमा रु.२०,००,०००।- (वीस लाख)** भएको हुनु पर्नेछ।

तर दुर्गम तथा विकट जिल्लाहरुमा स्थापित उद्योग वाणिज्य संघको हकमा **उक्त पुर्वाधार तयार गर्न नसक्नुको आधार र कारण प्रस्तुत गरेमा महासंघको कार्यसमितिले उल्लेखित आधारभुत कुराहरुमा छुट दिई निर्णय गरेमा सदस्यता प्रदान गर्न सकिनेछ।**

१८.२ महासंघको वार्षिक सदस्यता शुल्क, प्रवेश शुल्क र नविकरण शुल्क तोक्ने र समय समयमा समायोजन गर्ने अधिकार कार्यकारिणी समितिलाई हुनेछ।

## १९. सदस्यता निलम्बन वा खारेज हुने अवस्था

१९.१ देहायको अवस्थामा महासंघको सदस्यता स्वतः खारेज हुनेछ :

(क) सदस्य विघटन भएमा, वा

(ख) सदस्यको दर्ता खारेज भएमा वा परित्याग गरेमा, वा

(ग) लगातार ३ वर्ष सदस्यता नविकरण नगरेमा।

१९.२ देहायको अवस्थामा महासंघको सदस्यता निलम्बन हुने छ :

(क) महासंघको उद्देश्य विपरित गरेमा, वा

(ख) आफ्नो विधान विपरित कार्य गरेमा, वा

(ग) महासंघलाई बुझाउनु पर्ने रकम नबुझाएमा, वा

(घ) आफ्नो विधान अनुसार लगातार ३ पटक सम्म साधारण सभा नगरेमा वा विधान अनुसार निर्वाचन नगरेमा,

(ङ) तोकिएको अन्य अवस्थामा।

१९.३ माथि दफा १९(१) र १९(२) मा लेखिए बाहेकका अन्य मनासिव कारण भएमा वा उपदफा १९.२ को सजाय गर्न उपयुक्त नलागेमा कार्यकारिणी समितिले तोकिएको अवधिसम्म निर्देशन सहित सदस्यलाई निलम्बनमा राख्न सक्नेछ।

BikashNews

१९.४ माथि उपदफा १९.२ वा १९.३ बमोजिम सदस्यता निलम्बन वा खारेज गर्ने गरि कार्यकारिणी समितिले गरेको निर्णयमा चित्त नबुझेमा सो सदस्यले निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र कार्यकारिणी समिति मार्फत साधारण सभामा पुनरावेदन गर्न सक्नेछ । कार्यकारिणी समितिले त्यस्तो पुनरावेदन परेको मिति पछि लगत्तै हुने साधारण सभामा पेश गर्नेछ । त्यसमा साधारण सभाले गरेको निर्णय अन्तिम हुनेछ ।

तर यस्तो निलम्बन वा खारेज गर्नु अघि यस्ता सदस्यलाई स्पष्टिकरणको मौका दिइनेछ ।

१९.५ कार्यकारिणी समितिले उपयुक्त ठहराएमा सदस्यता खारेज भएका वा परित्याग गरेका वा निलम्बन गरेको सदस्यलाई उपयुक्त जरिवाना लिई पुनः सदस्यता दिन वा निलम्बन फुकुवा गर्न सक्नेछ ।

२०. <u>सदस्यता नविकरण</u>

२०.१ साधारण सदस्यले आफ्नो सदस्यता नविकरण गर्दा आफूले सम्पन्न गरेको साधारण सभाको प्रमाण, लेखा परीक्षण प्रतिवेदन, नविकरणको प्रमाण र मौजुदा कार्यसमितिको नामावली पेश गर्नु पर्नेछ ।

२०.२ महासंघको सदस्यहरुले तोकिएको समय भित्र नविकरण नगरेमा कार्यसमितिले तोकि दिएको जरिवाना लिई नविकरण गरिदिन सक्नेछ ।

२१. <u>सदस्यहरुले पाउने आधारभुत सेवा सुबिधा</u>

महासंघको प्रत्येक सदस्यले आफूलाई परेको समस्या महासंघमा प्रस्तुत गर्न सक्नेछ । महासंघले त्यस्ता समस्या वा सवालहरुको सम्बोधन गर्ने छ र नेपाल सरकार वा अन्य सम्बन्धित निकाय समक्ष समेत प्रस्तुत गरि वा सहकार्य गरि निकास निकाल्ने प्रयत्न गर्नेछ ।

## परिच्छेद ४

## <u>साधारण सभा</u>

२२. <u>साधारण सभा</u>

२२.१ परिच्छेद ३ बमोजिमका सदस्यहरुको विधिवत प्रतिनिधिहरु भएको महासंघको साधारण सभा हुनेछ ।

२२.२ साधारण सभा महासंघको सर्वोच्च **अ¨** हुनेछ ।

**२२.३ महासंघको साधारण सभा देहाय बमोजिम हुनेछ :**

**(क) वार्षिक साधारण सभा**

**(ख) विशेष साधारण सभा**

BikashNews

## २३. वार्षिक साधारण सभा

२३.१ एक वार्षिक साधारण सभा र अर्को वार्षिक साधारण सभा बीचको फरक सामान्यतया एक वर्षको हुनेछ ।

तर विशेष परिस्थितिमा कार्यकारिणी समितिको दुई तिहाई सदस्यहरुको निर्णयबाट तोकिएको प्रक्रिया पूरा गरी बढीमा ३ (तीन) महिना सम्मका लागि कार्यकारिणी समितिले साधारण सभा पछि सार्न सक्नेछ ।

२३.२ यस विधानमा लेखिए देखि बाहेक साधारण सभा सम्बन्धि अन्य आवश्यक कुराहरु तोकिए बमोजिम हुनेछन् ।

## २४. वार्षिक साधारण सभाको सूचना

२४.१ महासंघको वासलात, वार्षिक प्रतिवेदन र सभामा छलफल हुने विषय सूची साथ सभा हुने मिति र स्थान तथा प्रतिनिधि मण्डलको संख्या ? साधारण सभा हुने मितिले कम से कम २१ दिन अघि सचिवालयले सबै सदस्यहरुलाई वार्षिक साधारण सभाको पूर्व सूचना पठाउनेछ ।

२४.२ देहाय बमोजिम पठाइएको साधारण सभाको सूचना रितपूर्वक तामेल भएको मानिने छ ।

(क) डांकबाट पोष्टल सर्टिफिकेट लिई वा कुरियरबाट वा हवाई सेवाबाट पठाएको निस्सा लिई पठाएकोमा ।

(ख) कार्यालय सहयोगीमार्फत भर्पाइ सहित पठाइएकोमा ।

(ग) इमेल मार्फत पठाएको सुचना प्राप्त गरेको प्रमाण भएमा ।

(घ) महासंघको साधारण सभा सम्बन्धि सुचना राष्ट्रिय दैनिक पत्रिकामा साधारण सभा हुनु भन्दा १५ दिन अगाडी नै प्रकाशित भएको हुनु पर्नेछ ।

२४.३ यो विधान प्रारम्भ भए पश्चात महासंघको साधारण सभा प्रत्येक वर्षको चैत्र १५ गते भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

तर महासंघको कार्यकारिणी समितिको निर्वाचन साधारण सभा भन्दा १ महिना अगावै हुनु पर्नेछ ।

## २५. वार्षिकसाधारण सभाको काम, कर्तव्य तथा अधिकार

२५.१ साधारण सभाको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछन् :

(क) अध्यक्षको सम्बोधन माथि छलफल गरि अनुमोदन वा संशोधन सहित स्वीकृत गर्ने ।

(ख) महानिर्देशकबाट प्रस्तुत महासंघको कृयाकलापको वार्षिक प्रतिवेदनलाई अनुमोदन वा परिमार्जन सहित स्वीकृत गर्ने ।

(ग) लेखा परीक्षकद्वारा तयार पारिएको तथा कोष हेर्ने उपाध्यक्षद्वारा प्रस्तुत लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा आय व्ययको विवरण माथि छलफल गरि अनुमोदन गर्ने ।

(घ) लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने वा कार्यकारिणी समितिलाई अधिकार दिने ।

(ङ) कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्ने ।

(च) कार्यकारिणी समितिले नियुक्त गरेका प्रमुख निर्वाचन अधिकृतले विधान बमोजिम प्रकाशित गरेको निर्वाचन कार्यक्रम अनुसार गरिएको महासंघको कार्यकारिणी समितिको निर्वाचन अनुसार निर्वाचित कार्यकारिणी समितिलाई पद वाहाल गराउने ।

(छ) विषय सूचीमा समावेश अन्य विषयहरु माथि छलफल गरि निर्णय गर्ने ।

तर विषय सूचीमा नपरेका समयसामिक विषयहरुमा कुनै सदस्यलाई छलफल गर्न आवश्यक छ भन्ने लागेमा निजले छलफल गर्नु पर्ने कारण खुलाई सभाको अध्यक्ष समक्ष पेश गर्नु पर्दछ र अध्यक्षले उचित ठहऱ्याई अनुमति दिएमा वा अध्यक्षलाई उचित लागेका अन्य प्रस्ताव उपर समेत छलफल हुन सक्नेछ ।

## २६. वार्षिक साधारण सभाको गणपूरक संख्या

२६.१ साधारण सभाको गणपूरक संख्या समयमा नविकरण भई सदस्यता शुल्क तिरी मतदान गर्न पाउने सदस्य संख्याको न्युनतम **५०** प्रतिशत भन्दा बढी हुनु पर्नेछ। तर सो मध्ये जिल्ला/नगर उद्योग वाणिज्य संघको सदस्य संख्याको ४० प्रतिशत एवं वस्तुगत संघ सदस्य संख्याको ४० प्रतिशत र द्विराष्ट्रिय एवं एशोसिएट सदस्यको संख्याको **२५** प्रतिशत न्युनतम उपस्थिति अनिवार्य हुनेछ ।

२६.२ बोलाइएको साधारण सभा गणपूरक संख्या नपुगी बस्न नसकेमा अध्यक्षले कम्तिमा १० दिनको म्याद दिई तुरुन्तै पुन साधारण सभा बोलाउनेछन् । यसरी बोलाइएको साधारण सभामा ३० प्रतिशत भन्दा बढी उपस्थिति भए गणपूरक संख्या पुगेको मानिनेछ ।

२६.३ निर्धारित समय भित्रमा आवश्यक शुल्क सहित प्रतिनिधि पत्र बुझाएर साधारण सभाको अवधि भरमा प्रत्येक दिन उपस्थिति जनाउने सदस्य संघ/संस्थाहरु साधारण सभामा उपस्थिति भएको मानिनेछन् ।

## २७. साधारण सभामा प्रतिनिधित्व

२७.१ साधारण सभामा देहाय बमोजिमका व्यक्तिहरुले भाग लिन पाउनेछन् :

(क) यस दफा बमोजिम प्रतिनिधि मण्डलमा समावेश भएका व्यक्तिहरु ।

(ख) महासंघको कार्यकारिणी समितिका सम्पूर्ण सदस्य तथा पदाधिकारीहरु ।

(ग) महासंघले आमन्त्रित गरेका व्यक्तिहरु ।

तर साधारण सभामा मतदानको अधिकार भने यस दफा बमोजिमको मुख्य प्रतिनिधिहरुलाई मात्र हुनेछ ।

२७.२ सदस्यले कार्यकारिणी समितिले तोके बमोजिमको संख्यामा नबढाई साधारण सभाको निमित्त प्रतिनिधि मण्डल पठाउनु पर्नेछ ।

२७.३ सदस्यको तर्फबाट पठाइएको प्रतिनिधित्व संख्या जतिजनाको भएता पनि उपस्थिति एक मात्र मानिनेछ ।

२७.४ प्रतिनिधि मण्डलको प्रमुख वा मुख्य प्रतिनिधिको रुपमा सदस्य संस्था (द्विराष्ट्रिय संघ समेत) को अध्यक्ष रहनु पर्नेछ। कुनै कारणले अध्यक्ष उपस्थित हुन नसक्ने भएमा कार्यसमितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधि मण्डलको नेतृत्व गर्नेछ ।

एशोसियट सदस्यले सञ्चालक समिति वा कायम रहेका पदाधिकारीहरुको नामावली अभिलेखको लागि महासंघमा पठाउनु पर्नेछ । एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, सञ्चालक समितिको उपाध्यक्ष, सञ्चालक समितिको सदस्य, कार्यकारी संचालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायब महाप्रबन्धक तह सम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रुपमा मनोनयन गरि पठाउनु पर्नेछ ।

**द्रष्टव्य** : उपरोक्त बमोजिम मुख्य प्रतिनिधि नियुक्त गर्दा तल्लो तहको पदाधिकारीलाई मुख्य प्रतिनिधि नियुक्त गरिएमा सो प्रतिनिधि मण्डलमा मुख्य प्रतिनिधि भन्दा माथिल्लो दर्जाको पदाधिकारीले भाग लिन पाउने छैन ।

२७.५ निर्वाचन कार्यक्रम अनुसार पठाइने प्रतिनिधि मण्डलमा यस विधान बमोजिम निर्वाचनमा भाग लिन चाहने सदस्यले कुन पदका लागि कसलाई उम्मेदवार बनाइएको हो सो विवरण सहित निर्वाचनमा खडा गराउने आफ्ना उम्मेदवारलाई यस दफा अनुरुपको प्रतिनिधि मण्डलमा समावेश गर्नु पर्नेछ ।

द्रष्टव्यः संबन्धित संस्थाको सिफारिस भन्नाले जुन संस्थाको पदाधिकारी छ सोही संस्थाबाट सिफारिस प्राप्त गरेर मात्र उम्मेदवार बन्न सक्नेछ । एक संस्थाबाट एक पटकमा एकजना मात्र उम्मेदवार बन्न सक्नेछ ।

२७.६ साधारण सभामा मतदान गर्ने अधिकार मुख्य प्रतिनिधिलाई मात्र हुनेछ ।

## २८. विशेष साधारण सभा

२८.१ कार्यकारिणी समितिले विशेष साधारण सभा बोलाउन आवश्यक महशुस गरेमा १५ दिनको सूचना दिई विशेष साधारण सभा बोलाउन सक्नेछ ।

२८.२ परिच्छेद ३ बमोजिमका सदस्यहरुको कूल मत संख्याको २५ प्रतिशतले विषय उल्लेख गरि विशेष साधारण सभा बोलाउन माग गरेमा कार्यकारिणी समितिले ३० दिन भित्रमा विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

तर **दफा ७७** बमोजिमको अविश्वासको प्रस्तावका सम्बन्धमा सोही दफा बमोजिम हुनेछ ।

२८.३ साधारण सभाको गणपूरक संख्या समयमा नविकरण भई सदस्यता शुल्क तिरी मतदान गर्न पाउने सदस्य संख्याको न्युनतम **५०** प्रतिशत भन्दा बढी हुनु पर्नेछ । तर सो मध्ये जिल्ला/नगर उद्योग वाणिज्य संघको सदस्य संख्याको ४० प्रतिशत एवं वस्तुगत संघ सदस्य संख्याको ४० प्रतिशत र द्विराष्ट्रिय एवं एशोसिएट सदस्यको संख्याको २५ प्रतिशत न्युनतम उपस्थिति अनिवार्य हुनेछ ।

२८.४ बोलाइएको साधारण सभा गणपूरक संख्या नपुगी बस्न नसकेमा अध्यक्षले कम्तिमा १० दिनको म्याद दिई तुरुन्तै पुनः साधारण सभा बोलाउने छन् । यसरी बोलाइएको साधारण सभामा ३० प्रतिशत भन्दा बढी उपस्थिति भए गणपूरक संख्या पुगेको मानिनेछ ।

२८.५ निर्धारित समय भित्रमा आवश्यक शुल्क सहित प्रतिनिधि पत्र बुझाएर साधारण सभाको अवधि भरमा प्रत्येक दिन उपस्थिति जनाउने सदस्य संघ/संस्थाहरु विशेष साधारण सभामा उपस्थिति भएको मानिनेछ ।

## २९. वार्षिक प्रतिवेदन

२९.१ कार्यकारिणी समितिको महासंघको कामको विवरण, उद्योग, वाणिज्य र आर्थिक विषयहरु र आफुले उचित ठानेका अन्य विषयहरु समावेश भएको वार्षिक प्रतिवेदन हुनेछ ।

## ३०. निर्णय बहुमतद्वारा हुने

३०.१ यस विधानमा अन्यथा उल्लेख भएकोमा बाहेक गणपूरक संख्या पुगी विधिवत बसेको साधारण सभा वा विशेष साधारण सभामा उपस्थित सदस्य संख्याको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

३०.२ साधारण सभाको माइन्यूटमा अध्यक्ष, महानिर्देशक र सभाबाट मनोनित तिन जना सदस्यले हस्ताक्षर गरि प्रमाणित गर्नेछन् र सोही बमोजिमको निर्णय नै मूल अभिलेख हुनेछ ।

# परिच्छेद ५

# महासंघको संरचना र कार्यकारिणी समिति

## ३१. महासंघको संरचना

३१.१ महासंघको संरचना निम्न बमोजिम हुनेछ :

(क) साधारण सभा/विशेष साधारण सभा

(ख) कार्यकारिणी समिति

(ग) पदाधिकारी समिति

(घ) परिषदहरु

- पूर्व अध्यक्षहरुको परिषद
- जिल्ला नगर परिषद
- रोजगारदाता परिषद
- वस्तुगत परिषद

(ङ) समितिहरु

(च) विषयगत समितिहरु र परियोजनाहरु

३१.२ प्रदेश कार्यकारिणी समिति

## ३२. कार्यकारिणी समितिको गठन

महासंघको कार्यकारिणी समितिको निम्न बमोजिम हुनेछ :

(क) अध्यक्ष १

(ख) निवर्तमान अध्यक्ष १

(ग) उपाध्यक्षहरु :

| | |
|---|---|
| जिल्ला पालिका | २ |
| वस्तुगत | १ |
| एसोसियट्स | १ |
| कार्यकारी समितिबाट निर्वाचित | १ (उपाध्यक्ष, कोष तथा प्रशासन समेत हेर्ने) |
| महिला | १ |

(निर्वाचित सम्पूर्ण कार्यकारी समितिबाट निर्वाचित १ जना महिला उपाध्यक्ष)।

(घ) प्रत्येक प्रदेश अध्यक्ष : ७ जना (मर्यादा क्रममा पदाधिकारी पछि हुने)

(ङ) उद्योग वाणिज्य संघहरुबाट खुल्ला : २५ (कुनै प्रदेशबाट ३ जना भन्दा बढि निर्वाचित हुने भए एकजना महिला अनिर्वाय)

(च) वस्तुगतबाट निर्वाचित : १३+१=१४ ( १ जना महिला)

(छ) वस्तुगत महासंघहरु मध्येबाट २ जना ।

(ज) द्विराष्ट्रिय संघहरुबाट निर्वाचित : १ जना

(द्रष्टव्यः २० वटा द्विराष्ट्रिय संघहरु सदस्य भएमा २ जना सदस्य निर्वाचित हुनेछन्)

(कुनै प्रदेशबाट जुनसुकै समुहमा ३ जना भन्दा बढी प्रतिनिधि निर्वाचित हुने भएमा एक जना महिला हुनु पर्ने छ । वरिष्ठ उपाध्यक्षको पद हुने छैन तर उपाध्यक्षहरु मध्येमा वरियताको क्रम तोकिनेछ) ।

(झ) एसोसिएट सदस्य मध्येबाट निर्वाचित : १७+२=१९ ( २ जना महिला)

(ञ) Nepalese Young Entreprenuers' Forum (NYEF) को अध्यक्ष : पदेन सदस्य (NYEF को विधानमा महासंघको विधान स्वीकार गर्ने र महासंघको युवा समुहको रुपमा रहने व्यवस्था हुनु पर्ने)

(ट) संस्थापक सदस्यहरुबाट १ जना

(ठ) अध्यक्षद्वारा मनोनित **५** जना सदस्य ( महिला २ जना र बहुराष्ट्रिय कम्पनीहरु मध्ये १ जना हुने गरी )

**स्पष्टिकरण** : यस दफा अनुसार महासंघको कार्यकारिणी समितिको निर्वाचन गर्दा महासंघको सदस्य रहेका जिल्ला, पालिका उद्योग वाणिज्य संघहरुले सम्बन्धित प्रदेशमा रहेको उद्योग वाणिज्य क्षेत्रको प्रतिनिधित्व हुने गरि सदस्यहरु निर्वाचित गर्नेछन् । यसरी निर्वाचन गर्दा प्रदेश भित्रका नेपाल उद्योग वाणिज्य महासंघको सदस्य रहेका उद्योग वाणिज्य संघहरु सो निर्वाचनका लागि मतदाता हुनेछन् । प्रदेशको संख्यामा थपघट भएमा प्रदेशबाट प्रतिनिधित्व गर्ने र निर्वाचित हुने सदस्य संख्यामा सोही अनुसार समायोजन हुने गरि यस दफा बमोजिम जिल्ला/पालिका उद्योग वाणिज्य संघहरुले निर्वाचन गर्ने खुला तर्फको सदस्य संख्यामा थपघट गरि समायोजन गरिनेछ ।

## ३३. कार्यकारिणी समितिको काम, कर्तव्य तथा अधिकार

३३.१ कार्यकारिणी समितिको देहाय बमोजिमको काम, कर्तव्य तथा अधिकार हुनेछ :

(क) विधानमा उल्लेखित सबै काम गर्ने गराउने ।

(ख) महासंघको कार्य संचालानार्थ आवश्यकता अनुसार विभिन्न समिति, उप समिति तथा विशेषज्ञहरुको समूह गठन गर्ने, विघठन गर्ने र काम, कर्तव्य तोकि निर्वाचित उपाध्यक्ष वा कार्यकारिणी समिति सदस्यहरुलाई समिति, उप समितिहरु जिम्मा दिई काम कार्यवाहीमा समन्वय ल्याई प्रभावकारी बनाउने ।

(ग) यस विधान सँग नबाझिने गरी कार्यकारिणी समितिले कर्मचारी सेवा नियमावली, आर्थिक नियमावली र अन्य आवश्यक नियम, उप नियमहरु बनाउने, लागू गर्ने, संशोधन गर्ने वा खारेज गर्ने ।

(घ) महासंघको नीति निर्माण गर्ने, बजेट तथा कार्यक्रम पारित गर्ने तथा महासंघका अन्य कामहरु सो अनुरुप भए नभएको हेर्ने ।

(ङ) महासंघको आर्थिक अवस्था सुदृढ मजबुत बनाउने उपाय अवलम्बन गर्ने, चल अचल सम्पत्ति जोड्ने, सुरक्षित राख्ने, उपभोग गर्ने, गर्न लगाउने, महासंघको अवस्था अनुसार ऋण लिने वा दिने ।

(च) समिति, उपसमितिहरु तथा पदाधिकारीहरुको प्रतिवेदन प्रस्ताव उपर छलफल गरि निर्णय लिने ।

(छ) सदस्यहरुले दिएको निवेदन, माग, दर्खास्त आदिका सम्बन्धमा उपयुक्त निर्णय लिने ।

Bikash News

(ज) महासंघको उन्नति, प्रगति र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति, संस्था, सदस्य वा कर्मचारीलाई समितिले उपयुक्त ठहऱ्याएको उपाधि सम्मान, पुरस्कार प्रदान गर्ने ।

(झ) महासंघको तर्फबाट गरि दिनु पर्ने तमसुक, सम्झौता, कबुलियत र अधिकार पत्र जस्ता लिखतमा दस्तखत गर्न तथा प्रमाणित गर्न अख्तियारी प्रदान गर्ने ।

(ञ) औद्योगिक तथा व्यापारिक विवाद, झगडा र असहमतिलाई शान्तिपूर्ण रुपमा विवाद समाधानका वैकल्पीक उपायहरु मार्फत समाधान गर्न प्रयत्न गर्ने ।

(ट) नियमावलीको व्यवस्थाद्वारा आन्तरिक कार्यविधि तय गर्ने ।

३३.२ कार्यकारिणी समितिले आफ्नो अधिकार आवश्यकता अनुसार कुनै परिषद, समिति, उप समिति, पदाधिकारी सदस्य वा कर्मचारीलाई प्रत्यायोजित गर्न सक्नेछ ।

तर प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजन गर्न सक्ने छैन ।

३३.३ यस विधान अन्तर्गत गठित परिषद्, समितिहरु र उपसमितिहरु कार्यकारिणी समिति प्रति जवाफदेही हुनेछन् ।

३४ **कार्यकारिणी समितिको बैठक** :

३४.१ कार्यकारिणी समितिको बैठक वर्षमा कम्तिमा ६ पटक हुनेछ र दुई बैठकको बीचको अवधि सामान्यतया ३ महिना भन्दा बढी हुने छैन । आवश्यकता अनुसार कार्यकारिणी समितिको बैठक अभौतिक (virtual) विधिबाट पनि गर्न सकिनेछ । अभौतिक (virtual) विधिबाट बैठक गर्ने विधि नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

३४.२ कार्यकारिणी समितिको बैठकमा अन्य प्रतिनिधि उपस्थित हुन सक्ने छैन ।

३४.३ कार्यकारिणी समितिको बैठकको निमित्त गणपूरक संख्या वहालमा रहेको कार्यकारिणी समितिका सदस्यहरुको ५१ प्रतिशत हुनेछ ।

३४.४ कार्यकारिणी समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ। तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

३४.५ कार्यकारिणी समितिको बैठकमा निर्वतमान अध्यक्ष र प्रदेश अध्यक्षलाई पनि पदेन सदस्यको हैसियतमा बैठकमा पेश हुने सबै विषयहरु उपरको छलफलमा भाग लिन तथा मत दिने अधिकार समेत रहनेछ ।

३४.६ अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता वरियताको क्रमबाट उपाध्यक्षहरुले गर्नेछन् ।

३४.७ अध्यक्षको निर्देशनमा महानिर्देशकले कार्यकारिणी समिति बैठक बोलाउने छन् । अध्यक्ष र उपाध्यक्षहरुको अनुपस्थितिमा पूर्वअध्यक्षहरुको परिषदको सल्लाहमा कार्यकारिणी समितिको बैठक महानिर्देशकले बोलाउन सक्नेछन् ।

BikashNews

३४.८ कार्यकारिणी समितिका सदस्यहरु मध्ये कमसेकम २५ प्रतिशतले विषय खुलाई समितिको बैठक बोलाउने माग गरेमा बढीमा १५ दिन भित्र समितिको बैठक बोलाउनु अध्यक्षको कर्तव्य हुनेछ ।

३४.९ कार्यकारिणी समितिको बैठक बोलाउने विषयसूची समेत समावेश गरि कमसेकम १५ दिनको पूर्व सूचना सबै सदस्यहरुको सम्बन्धित सचिवालय वा ठेगानामा दिइएको हुनुपर्छ । तर गणपूरक संख्या नपुगी रहेको सोही विषयको बैठक ७ दिनको पूर्व सूचनाले बोलाउन सकिने छ । त्यस्तो बैठकमा गणपूरक संख्याको गणना गरिने छैन ।

३४.१० कार्यकारिणी समितिमा छलफल गर्ने बिषयको सूची सामान्यतया निम्न बमोजिम हुनेछ :

१. महानिर्देशकको प्रतिवेदन ।

२. परिषदहरु, प्रदेश उद्योग वाणिज्य महासंघहरु, समिति, उपसमिति, कार्यक्रम एवं परियोजना सम्बन्धि प्रतिवेदन ।

३. समसामयिक महत्वपूर्ण विषयमा सचिवालय वा विशेषज्ञबाट तयार भएका कार्यपत्र वा प्रस्ताव ।

४. दफा ३३ अनुसारको अन्य विषय ।

५. अध्यक्षले तोकेको अन्य विषय ।

३४.११ सामान्य विषयहरु बाहेक विषय सूचीमा नपरेका कुनै विषयमा बैठकले विचार गर्न हुदैन ।

## ३५. कार्यकारिणी समितिको सदस्य संख्यामा नपुग सम्बन्धि वैधता

३५.१ कार्यकारिणी समितिमा हुनुपर्ने सदस्यहरुको कुल संख्याको दुई तृतीयांश भएमा कार्यकारिणी समितिको कार्य सञ्चालन गर्न सकिनेछ ।

३५.२ कार्यकारिणी समितिको रिक्त स्थान पूर्तिका निमित्त यथाशीघ्र कार्यवाही गर्नु पर्नेछ ।

द्रष्टव्यः कुनै कारणवस रिक्त स्थान पूर्ति हुन नसकेको अवस्थामा उक्त स्थान गणपूरक संख्यामा गणना गरिने छैन ।

## ३६. कार्यकारिणी समितिका सदस्यहरुको पद रिक्त हुने अवस्था

(क) कार्यकारिणी समिति समक्ष आफ्नो पदबाट दिएको राजिनामा स्विकृत भएमा ।

(ख) मृत्यु भएमा ।

(ग) कार्यकारिणी समितिको बैठकमा बिना सूचना लगातार ३ (तीन) पटक अनुपस्थित भएमा वा अविश्वासको प्रस्ताव पारित भएमा ।

(घ) विधानमा उल्लेखित अन्य अयोग्यताहरु पछि सृजित भएको व्यहोरा प्रमाणित भएमा ।

(ङ) महासंघमा प्रतिनिधित्व वा सदस्य भएको संघ/संस्था खारेज भएमा ।

BikashNews

## परिच्छेद ६

## समितिहरु र परिषदहरु

### ३७. पदाधिकारी समिति

३७.१ महासंघको दैनिक कार्य प्रशासनको सम्पादन, निर्देशन तथा सञ्चालन गर्नका लागि अध्यक्षको अध्यक्षतामा देहायका पदाधिकारीहरु रहेको एक पदाधिकारी समिति रहने छ :

| | |
|---|---|
| (क) अध्यक्ष | १ जना |
| (ख) निवर्तमान अध्यक्ष | १ जना |
| (ग) उद्योग वाणिज्य संघ समूहबाट निर्वाचित उपाध्यक्षहरु | २ जना |
| (घ) वस्तुगत संघ समूहबाट निर्वाचित उपाध्यक्ष | १ जना |
| (ङ) एशोसिएट सदस्य समूहबाट निर्वाचित उपाध्यक्ष | १ जना |
| (च) कार्यसमितिबाट निर्वाचित उपाध्यक्ष (कोष हेर्ने) | १ जना |
| (छ) कार्यसमितिबाट निर्वाचित महिला उपाध्यक्ष | १ जना |
| (ज) द्विराष्ट्रिय संघ समूहबाट निर्वाचित उपाध्यक्ष | **१ जना** |

**द्रष्टव्य :** २० वटा द्विराष्ट्रिय संघहरु सदस्य पुगेमा मात्र उपाध्यक्षको व्यवस्था हुनेछ ।

३७.२ पदाधिकारी समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(क) कार्यकारिणी समिति, साधारण सभा र विशेष साधारण सभाले गरेको निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

(ख) महासंघको कर्मचारी नियमावलीको अधिनमा रही कर्मचारी नियुक्त गर्ने, निर्देशन दिने, नियन्त्रण गर्ने, सेवाबाट हटाउने ।

(ग) महासंघको आर्थिक कारोवार तथा खर्चको पुनरावलोकन गर्ने तथा कार्यकारिणी समितिबाट अनुमोदन गराउने गरी रकमान्तर गर्ने ।

Bikash News

(घ) महासंघको वार्षिक कार्यक्रम अनुरुपका कार्यक्रमहरु स्वीकृत बजेट अन्तर्गत रही सञ्चालन गर्न लगाउने, भई सकेका कार्यक्रमहरुको मुल्याङ्कन गर्ने, आवश्यक भएमा सुधार गर्ने ।

(ङ) महासंघद्वारा सञ्चालित परियोजनाहरुको सुसञ्चालन, कार्यान्वयन, सुपरिवेक्षण तथा अनूगमन गर्ने गराउने ।

(च) महासंघको कोषको प्रवर्द्धन र सम्बर्द्धन गर्ने तथा कोषाध्यक्षलाई गर्न लगाउने ।

(छ) वार्षिक कार्यक्रम र बजेट बनाई स्वीकृतिको लागि कार्यकारिणी समितिमा पेश गर्ने ।

(ज) पदाधिकारी समितिको निर्णय आगामी कार्यसमितिमा जानकारी गराउने ।

(झ) बैंक खाता खोल्ने र सञ्चालन गराउने ।

(ञ) महासंघको उदेश्य पुरा गर्ने वा गर्न लगाउने ।

३७.३ अध्यक्षको निर्देशनमा महानिर्देशकले पदाधिकारी समितिको बैठक बोलाउने छन् । पदाधिकारी समितिको बैठक कम्तिमा वर्षमा ६ पटक बस्नु पर्नेछ । सो बैठकको लागि गणपूरक संख्या ५१ प्रतिशत हुनेछ । बैठकमा बहुमतको निर्णय मान्य हुनेछ मत बराबर भएमा अध्यक्षलाई निर्णायक मत दिने अधिकार हुनेछ ।

३७.४ पदाधिकारी समितिले आफ्नो बैठक सम्बन्धि प्रकिया स्वयं व्यवस्थित गर्नेछ ।

३८. **<u>सदस्यता समिति</u>** : महासंघको पूर्व अध्यक्षको सभापतित्वमा ७ (सात) सदस्यीय सदस्यता समिति गठन गरिने छ। उक्त समितिको सदस्य सभापतिको सिफारिशमा अध्यक्षले मनोनित गर्नेछन्। सदस्यता सम्बन्धमा यस समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(क) सदस्यता प्राप्तिका सम्बन्धमा परेका निवेदन माग आदिका सम्बन्धमा छानबिन गर्ने ।

(ख) सदस्यता शुल्क निर्धारण गरि कार्यकारिणी समितिमा सिफारिश गर्ने ।

(ग) महासंघका सदस्यहरुको अभिलेख स्पष्टसँग राख्ने, राख्न लगाउने ।

(घ) सदस्य संघहरु बाट महासंघ समक्ष सदस्यता सम्बन्धमा प्रस्तुत हुने सुझावहरु अध्ययन गर्ने ।

(ङ) सदस्यता प्रदान गर्नु अघि थप विवरण बुझ्नु आवश्यक भए सो बुझ्ने ।

(च) सदस्यता दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय लिन कार्यकारिणी समिति समक्ष प्रतिवेदन दिने ।

(छ) सभापतिको निर्देशनमा नायब महानिर्देशकले समितिको बैठक बोलाउने छन् ।

(ज) समितिले आफ्नो बैठक सम्बन्धि प्रकिया एवं कार्य प्रणाली स्वयं व्यवस्थित गर्नेछ ।

द्रष्टव्यः सदस्यता समितिको सभापतिलाई कार्यकारिणी समितिको बैठकमा विशेष आमन्त्रित गरिनेछ ।

**३९. लेखापरिक्षण समिति** :

**४०. विषयगत समितिहरु** : महासंघ अन्तर्गत विधानमा व्यवस्थित समितिहरुका अतिरिक्त **२५ (पच्चिस)** वटा सम्म विषयगत समितिहरु रहने छन् । समितिका सदस्यहरुको संख्या २१ जना भन्दा बढि हुने छैन । समितिका सभापति र उपसभापति दुवै कार्यसमिति सदस्य हुनु पर्नेछ ।

तर समय र परिस्थिति अनुसार समितिका नामहरुलाई हेरफेर गर्नुपर्ने अवस्था सिर्जित भएमा सो गर्न कार्यसमितिलाई अधिकार हुनेछ ।

(क) समितिको सभापति कार्यकारिणी समितिको सल्लाहमा अध्यक्षले तोक्नेछ ।

(ख) समितिको उपसभापति र सदस्यहरु अध्यक्षले सभापतिसँग परामर्श गरि तोक्न सक्नेछ ।

(ग) समितिमा बढीमा एक-एक जना सभापति र उपसभापति सदस्यहरु रहनेछन् ।

(घ) समितिको काम, कर्तव्य र अधिकार कार्यकारिणी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) समितिको बैठकमा समितिले उपयुक्त ठहऱ्याएका व्यक्ति वा महानुभावलाई आमन्त्रण गर्न सक्नेछ ।

**४१. परिषदहरु**

महासंघमा देहाय बमोजिमका परिषद रहने छन्:

(क) पूर्वअध्यक्षहरुको परिषद

(ख) उद्योग वाणिज्य परिषद

(ग) वस्तुगत परिषद

(घ) रोजगारदाता परिषद

(ङ) **द्विराष्ट्रिय संघ परिषद**

**द्रष्टव्य** : द्विराष्ट्रिय उद्योग वाणिज्य संघको सदस्य संख्या २० पुगेमा मात्र द्विराष्ट्रिय उद्योग वाणिज्य परिषद गठन गर्न सकिनेछ । उद्योग वाणिज्य परिषदका दुइ जना उपाध्यक्षहरु मध्ये महासंघको कुनै पदमा र्निवाचित वा मनोनित भएको समयको आधारमा वरिष्ठता गणना गरि वरिष्ठ सभापति र दोस्रो उप सभापति हुनेछन् ।

**४२. पूर्वअध्यक्षहरुको परिषद**

यस परिषदको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ :

(क) अनुशासन समिति र सल्लाहकार समितिको संयोजन गर्ने ।

(ख) विधानको व्याख्या सम्बन्धि विवादको समाधन गर्ने ।

(ग) आर्थिक कुटनीति सम्बन्धि गतिविधिहरुमा महासंघको तर्फबाट परिणाममुखी योगदान गर्ने ।

४२.१ **अनुशासन समिति** : पूर्वअध्यक्षहरुको परिषदले अनुशासन समितिको समेत काम गर्नेछ। आवश्यकता अनुसार पूर्वअध्यक्षहरुको परिषद नै अनुशासन समितिको रुपमा परिणत हुन सक्नेछ र सोही बमोजिम बैठक बस्न सक्नेछ । अनुशासन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।

(क) महासंघको विधान नियमावली तथा आचार संहिताको पालना नगरेको वा सो विपरित कुनै कार्य गरेको भनी कार्यकारिणी समितिका पदाधिकारीहरु, सदस्यहरु तथा सदस्य संघहरु उपर उजूरी पर्न आएमा सो उजूरी उपर छानबिन गर्ने ।

(ख) छानबिन गर्ने प्रयोजनका लागि आरोप लागेका व्यक्तिलाई आफु समक्ष झिकाई सोधपुछ गर्ने, बयान लिने, प्रमाण संकलन गर्ने तथा स्पष्टिकरण सोध्ने ।

(ग) आफू समक्ष पर्न आएका उजुरीका सम्बन्धमा छानबिन गरि ठोस राय सहितको प्रतिवेदन कार्यकारिणी समितिमा प्रस्तुत गर्ने ।

(घ) सभापतिको निर्देशनमा नायब महानिर्देशकले समितिको बैठक बोलाउनेछन् ।

(ङ) समितिले आफ्नो बैठक सम्बन्धी प्रकिया एवं कार्य प्रणाली स्वयं व्यवस्थित गर्नेछ ।

द्रष्टव्य : अनुशासन समितिको सभापतिलाई कार्यकारिणी समितिको बैठकमा विशेष आमन्त्रित गरिनेछ । ?

४२.२ **सल्लाहकार समिति**: पूर्वअध्यक्षहरुको परिषदले सल्लाहकार समितिको समेत काम गर्ने छ। आवश्यकता अनुसार पूर्वअध्यक्षहरुको परिषद नै सल्लाहकार समितिको रुपमा परिणत हुन सक्नेछ र सोही बमोजिम बैठक बस्न सक्नेछ । सल्लाहकार समितिको काम, कर्तव्य तथा अधिकार कार्यकारिणि समितिले निर्धारण गर`बमोजिम हुनेछ । **व्यावसायीक क्षेत्रमा उच्च योगदान** पुऱ्याएका **व्यक्तिहरुलाई** सल्लाहकार समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

द्रष्टव्य : सल्लाहकार समितिका सभापतिलाई कार्यकारिणी समितिको बैठकमा विशेष आमन्त्रना गरिनेछ ।?

४३. **परिषदहरुको गठन**

सम्बन्धित सदस्य संघ समूहबाट निर्वाचित उपाध्यक्षको सभापतित्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरी परिषद गठन हुनेछन् :

(क) सम्बन्धित सदस्य समूहबाट महासंघको कार्यकारिणी समितिमा निर्वाचित सदस्य ।

(ख) सभापतिको सिफारिशमा खण्ड (क) बमोजिम सदस्य संख्याको ५० प्रतिशतमा नबढाई सम्बन्धित संघ सदस्य मध्येबाट अध्यक्षद्वारा मनोनित सदस्य ।

(ग) परिषदले आवश्यकता अनुसार आफू मध्येबाट उपसभापति छान्न सक्नेछ ।

(घ) परिषदको बैठक वर्षमा कम्तिमा २ (दुई) पटक बस्नु पर्नेछ ।

**४४. परिषदहरुको काम कर्तव्यफ**

परिषदको काम, कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वर्गका सदस्य बीच समन्वय एवं समझदारी कायम गर्ने ।

(ख) महासंघको उद्देश्य पूर्तिको लागि आफ्नो वर्गलाई परिचालन गर्ने ।

(ग) कार्यकारिणी समितिले पारित गरेको नीति एवं निर्णयहरु लागू गराउने

(घ) अध्यक्ष एवं कार्यकारिणी समितिले मागेका विषयमा सुझाव दिने ।

(ङ) महासंघ समक्ष विचारार्थ समस्याहरुको पहिचान गर्ने ।

(च) आफ्ना वर्गका सदस्यहरुको समस्या पहिचान गरी तिनीहरुको समाधानका उपायहरु खोजी कार्यकारिणी समितिमा प्रस्तुत गर्ने ।

(छ) आफ्नो वर्ग र क्षेत्र सँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने तथा त्यसबाट प्राप्त निष्कर्ष तथा सुझावहरु कार्यान्वयनको लागि पेश गर्ने ।

(ज) आफ्नो वर्गको उत्थान र विकास कसरी गर्न सकिन्छ भन्ने सन्दर्भ ठोस सुझाव महासंघ समक्ष प्रस्तुत गर्ने ।

(झ) आफ्नो वर्ग र अरु वर्गका सदस्य संघ बीच सुमधुर सम्बन्ध राख्दै साझा हित र प्रगति कसरी गर्न सकिन्छ भन्ने बिषयमा महासंघ समक्ष सुझाव प्रस्तुत गर्ने ।

(ञ) परिषदले आफ्नो वार्षिक कार्यक्रम तय गरि कार्यकारिणी समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने ।

(ट) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

**४५. रोजगारदाता परिषद** :

४५.१ महासंघको कार्यकारिणी समितिमा एशोसिएट सदस्य समूहबाट निर्वाचित उपाध्यक्ष रोजगारदाता परिषदको सभापति हुनेछन् । निजको सभापतित्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरि एक रोजगारदाता परिषद गठन हुनेछ ।

(क) रोजगारदाता इकाई रहेका उद्योग वाणिज्य संघहरु मध्येबाट सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट मनोनित ३ जना सदस्य ।

(ख) प्रदेश उद्योग वाणिज्य महासंघहरु मध्येबाट सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट मनोनित ४ जना सदस्य ।

BikashNews

(ग) रोजगारदाता इकाई रहेका वस्तुगत संघहरु मध्येबाट सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट मनोनित २ जना सदस्य ।

(घ) एशोसिएट सदस्यहरु मध्येबाट सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट मनोनित ६ जना सदस्य ।

(ङ) सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट विभिन्न क्षेत्र, वर्ग तथा समूहबाट मनोनित ५ जना सदस्य ।

(च) परिषदको बैठक, कार्य प्रणाली आदि व्यवस्थित गर्न परिषदले आवश्यकता अनुसार आफ्नो कार्यविधि आफै बनाई लागू गर्न सक्नेछ । परिषदमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा सभापतिलाई निर्णायक मत दिने अधिकार हुनेछ ।

४५.२ परिषदका मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) महासंघको विधान विपरित नहुने गरि रोजगारदाताहरुको हकहितको संरक्षण गर्दै उद्योग व्यवसायको विकास र विस्तार गरि रोजगारीका नयाँ अवसरहरु सिर्जना गर्ने ।

(ख) समान उद्देश्य भएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ, संस्था, संगठन वा निकाय सँग भाईचाराको सम्बन्ध विकास गर्ने ।

(ग) रोजगारदाताहरुको हक, हितको संरक्षण गर्न रोजगारदाताहरुका बीचमा एकता, सद्भाव र मैत्री कायम राख्ने ।

(घ) व्यवस्थापन र श्रमका सम्बन्धमा नयाँ नयाँ अवधारणाहरु बारे राष्ट्रिय जागरण पैदा गर्ने ।

(ङ) रोजगारदाताको हित रक्षा गर्न उनिहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सवल संगठनका रुपमा प्रस्तुत गर्ने ।

४५.३ रोजगारदाता परिषदको काम र कर्तव्य देहाय बमोजिम हुने छन् :

(क) अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धि काम गर्ने ।

(ख) रोजगारदाताहरुको संगठन वा रोजगारदाताहरुको ट्रेड यूनियनको रुपमा प्रतिनिधित्व एवं काम गर्ने ।

(ग अन्तर्राष्ट्रिय क्षेत्रीय विदेशी रोजगारदाताहरुको संघ संस्था सँग आवश्यक सम्बन्ध स्थापित गर्नु र सो सँग सम्बन्धित काम गर्ने ।

(घ) नेपाल राज्य भित्र उत्पन्न श्रम समस्या निराकरण गर्न प्रयत्न गर्नु र त्यस्ता समस्याको समाधानको लागि **नेपाल** सरकारमा सुझाव प्रस्तुत गर्ने ।

(ङ) उत्पादकत्वमा वृद्धि गर्ने प्रशिक्षणको आयोजना गर्नु वा आयोजना गर्न सहयोग गर्ने ।

(च) काम गर्ने वातावरणमा सुधार ल्याउन प्रयत्नशील हुने ।

BikashNews

(छ) व्यवस्थापन र श्रम बीचको सुमधुर सम्बन्धबाट देशको औद्योगिक विकासको सम्भावना हुने र दुवै पक्षलाई फाइदा हुने कुरा बोध गराउने ।

(ज) व्यवस्थापन विधानलाई अभिवृद्धि गर्नु र सोको ज्ञान फैलाउने ।

(झ) विधिवत गठित ट्राईव्युनलमा सदस्य भई भाग लिनु र तत्सम्बन्धि काम गर्नु गराउने ।

(ञ) श्रम सम्बन्धि कानूनको बिषयमा **नेपाल** सरकारलाई राय सल्लाह दिने ।

(ट) संगठनको कार्य पूर्तिको लागि आवश्यक प्रचार प्रसार गर्नु गराउनु तथा गोष्ठी, तालिम, सम्मेलन आदि आयोजना गर्ने गराउने ।

(ठ) महासंघमा सदस्य नभएका उद्योग वाणिज्य प्रतिष्ठानहरुलाई सहयोग गर्नु परेमा जिल्ला, नगर र वस्तुगत संघहरुको माध्यमबाट सेवा उपलब्ध गराउने ।

(ड) कार्यकारिणी समितिबाट स्वीकृति कार्यक्रम र बजेट अनुसार खर्चको व्यवस्था गर्नु र कार्य सञ्चालनार्थ छुट्टै अर्थ संकलन समेत गर्ने गराउने ।

(ढ) उद्योग वाणिज्य संघ तथा वस्तुगत संघहरुमा रोजगारदाता इकाई गठन गरि यस्ता इकाईलाई प्रोत्साहन एवं मार्गदर्शन गर्ने ।

(ण) कार्यकारिणी समितिले तोके अनुसार अन्य कार्य गर्ने गराउने ।

(त) साथै आफ्नो वर्ग (एशोसिएट समूह) को लागि यस विधान बमोजिमको काम र कर्तव्य समेत पूरा गर्ने ।

४५.४ परिषदले आवश्यकता अनुसार आफु मध्येबाट उपसभापति छान्न सक्नेछ ।

***४६. परियोजनाहरु*** *- महासंघमा संचालित परियोजनाहरु कार्यकारिणी समितिले निर्णय गरे बमोजिम सम्बन्धित परिषद वा विषयगत समिति अन्तरगत संचालित हुनेछन् ।*

## परिच्छेद ७

## पदाधिकारीहरुको काम, कर्तव्य तथा अधिकार

### ४७. अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) महासंघको नेतृत्व गर्ने,

(ख) उपाध्यक्षहरु बीच समन्वय गर्ने गराउने,

(ग) महासंघको दैनिक प्रशासनको रेखदेख, नियन्त्रण र निर्देशन दिने ।

(घ) महासंघको प्रतिनिधित्व गर्ने/गराउने ।

(ङ) अध्यक्ष कार्यकारिणी समिति र साधारण सभा प्रति जवाफदेही रहने छन् ।

(च) महासंघको साधारण सभा, कार्यकारिणी समिति तथा विधानले तोके बमोजिमको बैठक, सभामा सभापतित्व गर्ने ।

(छ) साधारण सभा, कार्यकारिणी समिति तथा अन्य परिषद एवं समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

(ज) महासंघ अन्तर्गत संघ संस्थाहरुलाई क्रियाशील बनाउन विशेष प्रयत्न गर्ने ।

(झ) तोकिए बमोजिम अन्य काम गर्ने/गराउने ।

(ञ) तत्काल गर्न पर्ने अन्य काम गर्ने गराउने ।

## ४८. कार्यवाहक अध्यक्ष

(क) अध्यक्ष नेपाल बाहिर भई वा विदा लिई अनुपस्थिति भएको अवस्थामा अध्यक्षको कार्यभार वरिष्ठताको आधारमा उपाध्यक्षहरु मध्ये एकले सम्हाल्नेछन् । सोही अनुसार उपाध्यक्षहरुको वरियता क्रम अनुरुपको अन्य उपाध्यक्षले कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्न सक्नेछन् ।

(ख) कुनै पनि उपाध्यक्ष उपस्थित नभएको अवस्थामा अध्यक्षले कार्यकारिणी समितिका निर्वाचित सदस्यहरु मध्येबाट एकलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिन सक्नेछन् ।

(ग) कार्यवाहक अध्यक्ष कार्यकारिणी समिति, अध्यक्ष तथा पदाधिकारी समिति प्रति उत्तरदायी हुनेछ ।

## ४९. उपाध्यक्षहरुको काम, कर्तव्य र अधिकार

(क) उपाध्यक्षहरु कार्यकारिणी समिति, अध्यक्ष तथा पदाधिकारी समिति प्रति उत्तरदायी हुनेछन् ।

(ख) उपाध्यक्षहरुले आ-आफ्नो क्षेत्रको परिषदको बैठकको अध्यक्षता गर्नेछन् ।

(ग) उपाध्यक्षहरुले आफ्नो क्षेत्रको हित संरक्षण गर्न आवश्यक कुराहरुमा परिषदमा छलफल गराई कार्यकारिणी समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्नेछन् ।

(घ) उपाध्यक्षहरुले साधारण सभा, कार्यकारिणी समिति, अध्यक्ष तथा पदाधिकारी समितिले तोकेका अन्य कार्यहरु गर्नेछन् ।

(ङ) कोष तथा प्रशासन हेर्ने उपाध्यक्षले महासंघको कोषको संरक्षण, सञ्चालन र महासंघको प्रशासनिक नेतृत्व गर्नेछन् ।

(च) कोष तथा प्रशासन हेर्ने उपाध्यक्षले महासंघको कोषको बृद्धिको लागि यस विधान र यस अन्तरगत बनेको नियम बमोजिम तोकेका अन्य कार्यहरु गर्नु पर्नेछ ।

(छ) उपाध्यक्षहरुले महासंघको हित सरक्षण गर्न आवश्यक कुराहरुमा बैठकमा छलफल गराई कार्यकारिणी समिति समक्ष प्रतिवेदन प्रस्तुत गन सक्नेछन् ।

(ज) तोकिए बमोजिम अन्य कामहरु गर्ने ।

## ५०. कार्यकारिणी समितिका सदस्यहरुको काम कर्तव्य र अधिकार

(क) सदस्यहरु कार्यकारिणी समिति तथा पदाधिकारी समिति प्रति उत्तरदायी हुनेछन् ।

(ख) सदस्यहरुले साधारण सभा, कार्यकारिणी समिति तथा पदाधिकारी समितिले तोकेका अन्य कार्यहरु गर्नेछन् ।

(ग) महासंघको हित सरक्षण गर्न आवश्यक कुराहरुमा कार्यकारिणी समितिमा छलफल गराई कार्यकारिणी समितिले दिएको सुझाव तथा निर्णय कार्यान्वयन गर्नेछन् ।

(घ) तोकिए बमोजिम अन्य कामहरु गर्ने ।

## ५१. स्वार्थ बाझ्न नहुने

महासंघको कार्यकारिणी समिति सदस्य तथा पदाधिकारीले प्रत्यक्ष स्वार्थ बाझिने जिम्मेवारीबाट अलग रहनु पर्नेछ ।

# परिच्छेद ८

# प्रदेश महासंघ र प्रदेश कार्यकारिणी समिति

## ५२. प्रदेश महासंघ सम्बन्धि व्यवस्था :

५२.१ प्रदेश तहमा नेउवमहासंघको प्रतिनिधित्व गर्ने, महासंघका गतिबिधिहरु सम्बन्धित प्रदेशमा सञ्चालन गर्ने, लागू गर्ने र सम्बन्धित प्रदेश सरकारहरु सँग महासंघको तर्फबाट सहकार्य गर्ने गराउने उदेश्यले नेपालको संविधान बमोजिमका प्रत्येक प्रदेशहरुमा प्रदेश महासंघ रहनेछन् ।

५२.२ प्रदेश महासंघको कार्य सञ्चालनका लागि प्रत्येक प्रादेशिक केन्द्रमा एक एक सचिवालय रहने छन् । प्रत्येक सचिवालय सञ्चालनको लागि १ जना कार्यकारी निर्देशक सहित आवश्यक कर्मचारीको नियुक्ति केन्द्रिय सचिवालयले गर्नेछ । निजहरुको सेवा, सुविधा तथा काम कर्तव्य र अधिकार समेत यस महासंघले तोकि पठाए बमोजिम हुनेछ ।

५२.३ प्रदेश उद्योग वाणिज्य महासंघको सचिवालय सञ्चालनको लागि आवश्यक पर्ने खर्च महासंघले व्यर्होनेछ ।

५२.४ प्रदेश उद्योग वाणिज्य महासंघको सचिवालयको सम्पूर्ण आम्दानी एंव खर्च महासंघको केन्द्रिय हिसाबमा मिलान गरिनेछ ।

५२.५ प्रदेशको कार्यकारिणी निंदेशकले वार्षिक रुपमा प्रदेश उद्योग वाणिज्य महासंघको कार्यक्रम प्रस्तुत गरि बजेट निकासा लिनु पर्नेछ ।

## ५३. प्रदेश कार्यकारिणी समितिको गठन

**(क)** सम्बन्धित प्रदेशका जिल्ला पालिका सदस्यहरु, सम्बन्धित प्रदेशमा क्रियाशिल वस्तुगत र एशोसिएटेस सदस्यहरुले निम्न बमोजिमको प्रदेश महासंघको निर्वाचन गर्ने छन् ।

अ) अध्यक्ष १ जना

आ) उपाध्यक्ष २ जना

(उद्योग र वाणिज्य क्षेत्रबाट १ र वस्तुगत तथा एशोसियट्स क्षेत्रबाट १ जना हुनेछन्)

ई) कार्यसमिति सदस्यहरु निम्न अनुसार हुनेछन् ।

१) प्रदेश भित्र रहेका जिल्ला वा पालिका सदस्य संघहरुको प्रत्यक्ष निर्वाचन विधिबाट निर्वाचित सदस्य पद संख्या बढीमा.... ७ जना (४ + १ + २ = ७)

(जिल्ला उद्योग वाणिज्य संघहरुबाट १ जना महिला सहित ५ जना र २ जना पालिका उद्योग वाणिज्य संघहरुबाट )

२) प्रदेश भित्र रहेका वस्तुगत संघहरुको प्रत्यक्ष निर्वाचन विधिबाट निर्वाचित सदस्य पद संख्या बढीमा ... ४ जना (३ + १ ) १ जना महिला

३) प्रदेश भित्र रहेका एशोसियट्स सदस्यहरुको प्रत्यक्ष निर्वाचन विधिबाट निर्वाचित सदस्य पद संख्या बढीमा .......................... ३ जना

४) अध्यक्षको सिफारिसमा कार्यसमितिबाट मनोनित (कम्तिमा १ जना महिला ***सहित) बढीमा ............................२ जना***

## ५४. कार्यकारिणी समितिको सदस्य संख्यामा नपुग सम्बन्धि वैधता

(क) कार्यकारिणी समितिमा हुनु पर्ने सदस्यहरुको कुल संख्याको बहुमतबाट भएमा कार्यकारिणी समितिको कार्य सञ्चालन गर्न सकिनेछ ।

(ख) कार्यकारिणी समितिको रिक्त स्थान पूर्तिका निमित्त यथाशीघ्र कार्यवाही गर्नु पर्नेछ ।

(**द्रस्टव्यः** कुनै कारणवस रिक्त स्थान पूर्ति हुन नसकेको अवस्थामा उक्त स्थान गणपूरक गणना गरिने छैन ।)

## ५५. प्रदेश उद्योग वाणिज्य महासंघको काम कर्त्तव्य तथा अधिकार

(क) महासंघको तर्फबाट नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकार समक्ष नीजि क्षेत्रका सवालहरु प्रस्तुत गर्ने गराउने, नीजि क्षेत्रको प्रतिनिधित्व गर्ने गराउने र सबै तहका सरकारहरु सँग सहकार्य गर्ने गराउने सम्बन्धमा प्रदेश सरकारको समकक्षि नीजि क्षेत्रको प्रतिनिधिको रुपमा महासंघको प्रतिनिधित्व गर्ने ।

(ख) नीजि क्षेत्रको नेतृत्वमा आर्थिक विकास गर्ने सम्बन्धमा महासंघको तर्फबाट आवश्यक तयारि गर्ने गराउने ।

(ग) प्रदेश उद्योग वाणिज्य महासंघको अध्यक्ष तथा कार्यसमितिले महासंघले तय गरेको आफ्नो प्रदेश भित्र रहेको जिल्ला वा पालिका उद्योग वाणिज्य संघ, वस्तुगत संघ तथा एशोसिएट सदस्यहरुको कार्यक्रममा समन्वय र नियमन गर्नु पर्नेछ ।

(घ) प्रदेश उद्योग वाणिज्य महासंघले आफ्नो प्रदेश भित्र देखा परेका समस्याहरुको पहिचान गरि त्यसको समाधानको लागि महासंघमा लेखि पठाउनु पर्नेछ । यसको लागि आवश्यकता अनुसार समिति वा उपसमिति समेत बनाउन सकिनेछ ।

(ङ) महासंघबाट प्राप्त सुझाव तथा निर्देशनहरु प्रदेशबाट महासंघमा प्रतिनिधित्व गर्ने कार्यकारिणी समितिका सदस्यहरु तथा प्रदेश उद्योग वाणिज्य महासंघको अध्यक्ष सँग समन्वय गरि प्रदेश उद्योग वाणिज्य महासंघले सम्बन्धित प्रदेश भित्रका जिल्ला तथा पलिका उद्योग वाणिज्य संघ, वस्तुगत संघ तथा एशोसिएट सदस्यहरु मार्फत कार्यान्वयन गराउनु पर्ने हुन्छ । यस्ता सुझाव तथा निर्देशनहरु कार्यान्वयन वा लागू भए नभएको बारेमा प्रदेश उद्योग वाणिज्य महासंघले समय समयमा अनुगमन वा निरिक्षण गरि सोको विवरण महासंघमा लेखि पठाउनु पर्नेछ ।

(च) प्रदेश उद्योग वाणिज्य महासंघ सञ्चालन तथा यसले गर्ने काम कर्तव्य र अधिकारको बारेमा प्रदेश प्रदेश बीच वा प्रदेश र जिल्ला वा नगर वा वस्तुगत वा एशोसिएट सदस्यहरु बीच विवाद आएमा यस्तो विवादको विषय महासंघले हेरि त्यसको उपयुक्त निर्णय लिनेछ । महासंघले गरेको निर्णयमा चित्त नबुझेमा त्यसपछि लगतै हुने महासंघको साधारण सभामा निर्णयमा चित्त नबुझ्नुको आधार र कारण सहितको पुनरावेदन प्रस्तुत गर्न सकिनेछ ।

(छ) प्रदेश उद्योग वाणिज्य महासंघ सम्बन्धि अन्य व्यव्स्था नियमावलीमा व्यवस्था गरे बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

**५६. प्रदेश समितिहरु**

**प्रदेश कार्यकारिणी समितिले बढिमा सातवटा सम्म समितिहरु बनाउन सक्नेछ । प्रत्येक समितिमा बढिमा सातजना सम्म सदस्य हुन सक्नेछन् ।**

**५७. महासंघ (केन्द्र) र प्रदेश महासंघको सम्बन्ध**

(क) प्रदेश उद्योग वाणिज्य महासंघको गठन तथा सञ्चालन यस महासंघको प्रत्यक्ष निगरानीमा हुनेछ ।

(ख) प्रदेश उद्योग वाणिज्य महासंघको पदाधिकारी तथा सदस्यहरुको योग्यता, गठन विधि, बैठक सञ्चालन, काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था तथा अन्य व्यवस्थाहरु सम्बन्धित प्रदेश उद्योग वाणिज्य महासंघको लागि केन्द्रीय महासंघको कार्यसमितिले बनाई लागू गरेको प्रदेश उद्योग वाणिज्य महासंघ सञ्चालन सम्बन्धि नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) “केन्द्रको आधिकारिकता र प्रदेशको क्रियाशिलता” लाई सिद्धान्तको रुपमा अपनाइनेछ ।

(घ) सदस्यता दिने काम पूर्ण रुपमा केन्द्रको अधिकार र नियन्त्रणमा रहनेछ ।

(ङ) केन्द्रको प्रतिनिधिको रुपमा प्रदेशले सदस्यता नविकरण गर्ने काम गर्न सक्नेछ ।

(च) सदस्यता दर्ता किताब केन्द्रमा रहनेछ । प्रदेशहरुबाट तथ्यांक लिएर यसको अद्यावधिक गरिनेछ ।

(छ) बैकिङ्ग कारोवारका लागि प्रदेशबाट खाता सञ्चालन हुने व्यवस्था केन्द्रले मिलाउनेछ ।

(ज) प्रदेश महासंघलाई केन्द्र सँग एकिकृत बनाउन महासंघले आन्तरीक लेखा परिक्षण (Internal Auditing) को व्यवस्था गर्नेछ । आन्तरिक लेखापरीक्षणको माध्यमबाट केन्द्र र प्रदेशको लेखा तथा आयव्याय एकिकृत गरिनेछ ।

झ) प्रदेश उद्योग वाणिज्य महासंघले प्रदेश सरकार सँग समन्वय गर्ने तथा केन्द्रको प्रतिनिधिको रुपमा प्रदेश सरकार सँग काम गर्ने तथा सम्बन्धित प्रदेशका जिल्ला तथा पालिकाहरुको समन्वय र संयोजन गरि प्रदेश स्तरमा आर्थिक विकासका गतिविधि अघि बढाउनेछ ।

## परिच्छेद ९

## निर्वाचन र मतदान

### ५८. निर्वाचन र मतदान सम्बन्धि सामन्य व्यवस्थाहरु

(क) प्रदेश तथा केन्द्रको निर्वाचनको मिति तोक्ने, निर्वाचन निर्देशिका वा कार्यविधि बनाउने, प्रमुख निर्वाचन अधिकृत लगायत निर्वाचन अधिकृतहरु नियुक्ति गर्ने लगायत सबै काम गर्ने अधिकार केन्द्रलाई हुनेछ ।

(ख) प्रदेश महासंघको निर्वाचन र महासंघको निर्वाचन तथा मतदान सँगै एकैपटक एकै समयमा हुनेछ ।

(ग) निर्वाचनहरु प्रदेशमा हुनेछन् । प्रदेशबाट प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्यहरु र राष्ट्रिय रुपमा चुनिने पदाधिकारी तथा सदस्यहरु सबैको निर्वाचन प्रदेशमा हुनेछन् ।

(घ) एक व्यक्ति एक पटकमा प्रदेश वा केन्द्र एक ठाउँमा मात्र उम्मेदवार हुन पाउनेछ ।

(ङ) जुन संस्थाको पदाधिकारी छ सोही संस्थाबाट सिफारिस प्राप्त गरेर मात्र उम्मेदवार बन्न सक्नेछ । एक संस्थाबाट एक पटकमा एक जना मात्र उम्मेदवार बन्न सक्नेछ ।

(च) एक कार्यकालमा कम्तिमा १८ महिना बिताएको हुनु पर्नेछ ।

(छ) निर्वाचन साधारणसभा भन्दा १ महिना अगावै हुनेछ । वार्षिक साधारणसभा सामान्यतया चैत्र १५ गते भित्र हुनेछ ।

(ज) निर्वाचन हुने वर्षमा सदस्यता प्राप्त गरेको सदस्यले सदस्यता लिएकै वर्ष मतदान गर्न पाउने छैन । एक पटक साधारण सभामा भाग लिई सकेपछि त्यस पछिको साधारण सभामा मात्र मतदान गर्न योग्य हुनेछ । यो प्रयोजनको लागि विशेष साधारण सभामा भाग लिएकालाई साधारण सभामा भाग लिएको मानिने छैन ।

(झ) यो विधान बमोजिम निर्वाचनको प्रयोजनको लागि एक कार्यकाल भन्नाले निर्वाचित वा मनोनित भई कम्तिमा १८ महिना काम गरेको अवधिलाई जनाउनेछ ।

## ५९. अध्यक्षको योग्यता

५९.१ महासंघको अध्यक्ष हुनका लागि देहाय अनुरुपको योग्यता पूरा भएको हुनु पर्दछ ।

(क) नेपाली नागरिक ।

(ख) महासंघको कार्यकारिणी समितिमा उपाध्यक्षको रुपमा कम्तिमा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ । अध्यक्षको पद १ वर्ष भन्दा बढी अवधिका लागि रिक्त भई कार्यवहाक अध्यक्ष नै अध्यक्ष बन्ने अवस्था आएमा यो दफामा लेखिएको कुराले कुनै वाधा पुगेको मानिने छैन ।

(ग) कुनै पनि नैतिक पतन हुने फौजदारी मुद्दामा कसूर प्रमाणित भएको भए कैदको सजाय पाएको ५ (पाच) वर्ष व्यतित भएको ।

(घ) मानसिक सन्तुलन नबिग्रिएको,

(ङ) **प्रचलित नेपाल कानून बमोजिम संघ संस्थाको अध्यक्ष हुन अयोग्य नठहरिएको, ??**

(च) विगत पाच र्वषमा सकृय रुपमा कुनै पनि राजनीतिक दलमा संलग्न नभएको ।

## ६०. अध्यक्षको निर्वाचन

*६०.१* महासंघले आफ्ना सदस्यहरु मध्येबाट १ (एक) जना अध्यक्ष निर्वाचित गर्नेछ । यसरी निर्वाचित हुने अध्यक्षले निर्वाचनमा खसेको मतको कम्तिमा ५० प्रतिशत र थप १ मत प्राप्त गर्नु पर्नेछ । पहिलो चोटी हुने निर्वाचनमा ५० प्रतिशत र थप १ मत प्राप्त गर्न नसकेमा सबै भन्दा बढी मत प्राप्त गर्ने २ (दुई) जना उम्मेदवारहरु बीच पुनः निर्वाचन गराईनेछ । पुनः निर्वाचन हुँदा दोश्रो पटक हुने निर्वाचनमा बढी मत प्राप्त गर्ने उम्मेदवार अध्यक्षमा निर्वाचित हुनेछ ।

तर यो संशोधित विधान लागू हुँदाको मितिमा कायम रहेका वरिष्ठ उपाध्यक्ष (वर्तमान विधान, छैठौं संशोधन सहित, बमोजिम निर्वाचन वरिष्ठ उपाध्यक्ष) को हकमा यो विधान बमोजिम नै निर्वाचित भएको मानि यस विधान बमोजिम महासंघको अध्यक्ष हुनका लागि योग्यता पुगेको मानिनेछ । निजलाइ स्वतः अध्यक्ष हुन कनै बाधा पर्ने छैन ।

६०.२ अध्यक्षको निर्वाचनमा उद्योग वाणिज्य संघ सदस्यको ५० प्रतिशत, वस्तुगत संघ सदस्यको २० प्रतिशत तथा एशोसिएट सदस्य र द्विराष्ट्रिय संघ समेतको ३० प्रतिशत गरि सदस्यको मताधिकारलाई सिमित गरि कुल १०० प्रतिशतमा हिसाब गरि निर्धारण गरिनेछ ।

Bikash News

**६१. <u>उपाध्यक्षको योग्यता र निर्वाचन</u>** :

६१.१ महासंघको उपाध्यक्ष हुनका लागि देहाय अनुरुपको योग्यता पूरा भएको हुनु पर्दछ ।

(क) नेपाली नागरिक,

(ख) महासंघको कार्यकारिणी समितिमा सदस्यको रुपमा कम्तिमा **<u>तिन</u>** कार्यकाल **<u>वा ६ वर्ष</u>** <u>पूरा</u> गरेको

(ग) <u>कुनैपनि</u> नैतिक पतन हुने फौजदारी मुद्दामा कसूर प्रमाणित भएको भए कैदको सजाय पाएको भएमा ५ (पाच) वर्ष व्यतित भएको ।

(घ) मानसिक सन्तुलन नबिग्रिएको ।

**(ङ) <u>प्रचलित नेपाल कानून बमोजिम संघ संस्थाको उपाध्यक्ष हुन अयोग्य नठहरिएको</u> ।??**

(च) बिगत तिन बर्षमा सक्रिय रुपमा कुनै पनि राजनीतिक दलमा संलग्न नभएको

६१.२ उपाध्यक्षहरु सम्बन्धित संघ सदस्यहरुले आफु मध्येबाट निर्वाचित गर्नेछन् ।

तर एउटा समूहको सदस्यले अर्को समूहबाट उम्मेदवार हुने तथा मतदान गर्न पाउने छैन ।

६१.३ सम्बन्धित सदस्यता क्षेत्रका सदस्यहरुले आ-आफ्नो क्षेत्रका उपाध्यक्ष निर्वाचित गर्नेछन् ।

६१.४ कार्यकारिणी समितिमा निर्वाचित <u>वा मनोनित ?</u> महिला उद्यमी मध्येमा कार्यकारिणी समितिका सबै सदस्यहरुले एकजना उपाध्यक्ष निर्वाचित गर्ने छन् ।

**६२. <u>कार्यकारिणी समितिका सदस्यहरुको योग्यता र निर्वाचन</u>**

६२.१ महासंघको कार्यकारिणी समितिमा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्दछ :

(क) २५ वर्ष उमेर पूरा भएको नेपाली नागरिक ।

(ख) <u>कुनैपनि</u> नैतिक पतन हुने फौजदारी मुद्दामा कसूर प्रमाणित भई कैदको सजाय पाएको भएमा ५(पाँच) वर्ष व्यतित भएको ।

(ग) मानसिक सन्तुलन नबिग्रिएको ।

(घ) प्रचलित नेपाल कानून बमोजिम अयोग्य नठहरिएको ।

**(ङ)** सदस्य संघ (उद्योग वाणिज्य संघ समुह, वस्तुगत संघ समूह र द्विराष्ट्रिय संघ समूह) बाट आफुले प्रतिनिधित्व गर्ने संघको पदाधिकारी भई एक कार्यकाल पूरा गरेको ।

६२.२ **<u>कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन</u>**

(क) सदस्यहरुको निर्वाचन उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय संघ, एशोसिएट र महासंघको संस्थापक सदस्यहरुले आफू भित्रबाट मात्र आफनो आफनो समुहको लागि परिच्छेद ५ बमोजिम गर्नेछन् ।

(ख) परिच्छेद ५ बमोजिम सदस्यहरुको मनोनित गर्दा अध्यक्षले ३ जनाको हकमा ( कम्तिमा एकजना महिला उद्यमी) कार्यकारिणी समितिको सल्लाह लिएर र बांकी २ जनाको हकमा आफुखुसी मनोनित गर्न सक्नेछन् जसमध्ये एक जना महिला उद्यमी हुन अनिवार्य हुनेछ ।

(ग) कुनै कारणबाट निवर्तमान अध्यक्ष नरहेमा निज भन्दा अघिका निवर्तमान अध्यक्ष पदेन सदस्य हुनेछन् । निवर्तमान अध्यक्षको मर्यादाक्रम अध्यक्ष पछिको हुनेछ तर अध्यक्षको कार्यकारिणी अधिकार प्रयोग गर्ने सम्बन्धमा भने अध्यक्ष पछि उपाध्यक्षहरुले वरियता क्रमबाट गर्नेछन् ।

(घ) **मनोनित सदस्यहरु** पदाधिकारीमा निर्वाचित हुन सक्ने छैनन् ।

## ६३. पदावधि

६३.१ अध्यक्ष लगायत निर्वाचित कार्यकारिणी समितिको पदावधि **२** (दुई) वर्षको हुनेछ ।

६३.२ यस परिच्छेदको प्रयोजनार्थ दुई वर्षको गणना गर्दा निर्वाचनका लागि भएको वार्षिक साधारण सभा पछिको दुई वटा वार्षिक साधारण सभाको अवधि जनाउदछ ।

६३.३ प्रदेश अध्यक्ष लगायत प्रदेश कार्यकारिणी समितिको पदावधि पनि **२** (दुई) वर्षको हुनेछ ।

## ६४. अध्यक्ष र उपाध्यक्षहरुको पद रिक्त हुने अवस्था

(क) अध्यक्षलेकार्यकारिणी समिति समक्ष आफ्नो पदबाट दिएको राजिनामा स्विकृत भएमा । तर उपाध्यक्षहरुले अध्यक्ष समक्ष राजिनामा दिई स्विकृत भएमा ।

(ख) मृत्यु भएमा ।

(ग) कार्यकारिणी समितिको बैठकमा बिना सूचना लगातार ३ (तीन) पटक अनुपस्थित भएमा ।

(घ) अविश्वासको प्रस्ताव पारित भएमा ।

(ङ) कार्यकारिणी अधिकार भएको कुनै राजनीतिक प्रकृतिको पदमा नियुक्त भएमा वा निर्वाचित भएमा ।

(च) विधानमा उल्लेखित अन्य अयोग्यताहरु सृजित भएको व्यहोरा पछि प्रमाणित भएमा ।

(छ) महासंघमा प्रतिनिधित्व वा सदस्यता भएको सदस्य संघ/संस्था खारेज भएमा ।

(ज) सक्रिय रुपमा कुनै पनि राजनीतिमा लागेमा ।

## ६५. रिक्त स्थान पूर्ति

६५.१ कुनै कारणबाट अध्यक्षको पद रिक्त हुन आएमा कार्यवाहक अध्यक्षले आगामी निर्वाचन सम्म अध्यक्षको कार्यभार चलाउने छ ।

तर १ (एक) वर्षभन्दा बढी अवधीको लागि पद रिक्त हुन आएमा र्कायवाहक अध्यक्ष नै स्वतः अध्यक्ष हुनेछन् ।

६५.२ रिक्त उपाध्यक्ष वा उपाध्यक्षहरुको पदपूर्ति बढिमा तीन महिना भित्रमा गरिसक्नु पर्नेछ । उपाध्यक्ष वा उपाध्यक्षहरु जुन क्षेत्र समुहबाट निर्वाचन गरिएको सोही क्षेत्र समुहबाट निर्वाचनको माध्यमबाट पूर्ति गरिनेछ ।

तर यस्तो कार्यकाल ३ महिना सम्मको मात्र भएमा निर्वाचन गराईरहनु पर्ने छैन ।

६५.३ कार्यकारिणी समितिका कुनै सदस्यको स्थान रिक्त भएमा जुन क्षेत्र समुहको कार्यकारिणी समितिको सदस्यको स्थान रिक्त भएको हो सोही क्षेत्र समुहका सदस्यहरु मध्येबाट कार्यकारिणी समितिले मनोनित गरि आगामी निर्वाचन सम्मका लागि पद पूर्ति गर्नेछ ।

६५.४ यस दफा बमोजिम रिक्त पदको पूर्ति गर्दा बांकी पदावधि सम्मका लागि गरिनेछ ।

## ६६. प्रदेश कार्यकारिणी समितिका निर्वाचन सम्बन्धि व्यवस्था

### ६६.१ प्रदेश अध्यक्षको योग्यता

प्रदेश महासंघको अध्यक्ष हुनका लागि देहाय अनुरुपको योग्यता पूरा भएको हुनु पर्दछ :

(क) नेपाली नागरिक,

(ख) उद्योग वाणिज्य संघ वा वस्तुगत संघको अध्यक्ष भई महासंगको केन्द्रिय कार्यकारिणी सदस्य भईसकेको वा उद्योग वाणिज्य संघ वा वस्तुगत संघको दुई कार्यकाल पदाधिकारी भई महासंघको केन्द्रिय कार्यकारिणी सदस्य भईसकेको

(ग) कुनै पनि नैतिक पतन हुने फौजदारी मुद्दामा कसूर प्रमाणित भएको भए कैदको सजाय पाएको ५ (पाच) वर्ष व्यतित भएको ।

(घ) मानसिक सन्तुलन नबिग्रिएको,

(च) बिगत दुई बर्षमा सकृय रुपमा कुनै पनि राजनीतिक दलमा संलग्न नभएको ।

(छ) कुनै व्यक्ति एक कार्यकाल भन्दा बढी प्रदेश अध्यक्ष हुन सक्ने छैन ।

### ६६.२ प्रदेश अध्यक्षको निर्वाचन

(क) प्रदेश महासंघले अफ्ना सदस्यहरु मध्येबाट १ (एक) जना अध्यक्ष निर्वाचित गर्नेछ । यसरी निर्वाचित हुने अध्यक्षले निर्वाचनमा खसेको मतको कम्तिमा ५० प्रतिशत र थप १ मत प्राप्त गर्नु पर्नेछ । पहिलो चोटी हुने निर्वाचनमा ५० प्रतिशत र थप १ मत प्राप्त गर्न नसकेमा सबै भन्दा बढी मत प्राप्त गर्ने २ (दुई) जना उम्मेदवारहरु

बीच पुनः निर्वाचन गराईनेछ। पुनः निर्वाचन हुँदा दोस्रो पटक हुने निर्वाचनमा बढी मत प्राप्त गर्ने उम्मेदवार अध्यक्षमा निर्वाचित हुनेछ।

(ख) अध्यक्षको निर्वाचनमा उद्योग वाणिज्य संघ सदस्यको ५० प्रतिशत, वस्तुगत संघ सदस्यको २० प्रतिशत तथा एशोसिएट सदस्य र द्विराष्ट्रिय संघ समेतको ३० प्रतिशत गरि सदस्यको मताधिकारलाई सिमित गरि कुल १०० प्रतिशतमा हिसाब गरि निर्धारण गरिनेछ।

**६६.३ <u>प्रदेश उपाध्क्षयको निर्वाचन</u>**

उपाध्यक्षहरु सम्बन्धित संघ सदस्यहरुले आफु मध्येबाट निर्वाचित गर्नेछन्।

तर एउटा समूहको सदस्यले अर्को समूहबाट उम्मेदवार हुने तथा मतदान गर्न पाउने छैन।

**६६.४ <u>प्रदेश कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन</u>**

कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय संघ र एशोसिएट सदस्यहरुले आफू भित्रबाट मात्र आआफनो समुहको लागि गर्नेछन्। सदस्यहरुको मनोनित गर्दा अध्यक्षले कार्यकारिणी समितिको सल्लाह लिएर गर्नेछन्।

६६.५ **<u>मनोनित सदस्यहरु</u>** पदाधिकारीमा निर्वाचित हुन सक्ने छैनन्।

**६७**. निर्वाचन सम्बन्धि अन्य व्यवस्था नियमावली वा कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद १०

## <u>सचिवालय र सामान्य प्रशासन</u>

**६८. <u>सचिवालय</u>**

६८.१ महासंघको कार्य सञ्चालनका लागि केन्द्रमा एक केन्द्रिय सचिवालय र सबै प्रदेश महासंघहरुमा एक एक वटा सचिवालयहरु रहनेछन्।

६८.२ महासंघको सचिवालयको संरचना निम्न बमोजिम हुनेछ :

(क) महानिर्देशक- १

(ख) नायव महानिर्देशकहरु - २ (एक जना प्रशासन हेर्ने एक जना नीति, योजना तथा कार्यक्रम हेर्ने )

(ग) विभागहरु - प्रशासन विभाग, मानव श्रोत विभाग, आर्थिक प्रशासन विभाग लगायत अन्य आवश्यक विभागहरु)

BikashNews

(घ) समिति र परिषद अधिकृतहरु - महासघंको प्रत्येक समिति र परिषद हेर्ने निर्दिष्ट अधिकृत हुनेछन् ।

(ङ) परियोजना तथा कार्यकमहरु

## ६९. महानिर्देशकको नियुक्ति, काम, कर्तव्य तथा अधिकार

(क) कार्यकारिणी समितिले छनोट समिति बनाई महानिर्देशकको नियुक्ति एवं सेवाको शर्त निर्धारण गर्नेछ ।

(ख) महानिर्देशकले अध्यक्षको प्रत्यक्ष नियन्त्रण तथा रेखदेखमा महासंघको प्रमुख जिम्मेवारी वहन गर्नेछन् । महानिर्देशक सचिवालयका प्रमुख हुनेछन् । प्रदेश महासंघहरुमा महानिर्देशकको मातहतमा रहने गरि सचिवालय प्रमुख रहनेछन् ।

(ग) महानिर्देशक अध्यक्ष तथा कार्यकारिणी समिति प्रति जवाफदेही हुनेछन् ।

(घ) महासंघको तर्फबाट नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकार समक्ष नीजि क्षेत्रका सवालहरु प्रस्तुत गर्ने गराउने, नीजि क्षेत्रको प्रतिनिधित्व गर्ने गराउने र सबै तहका सरकारहरु सँग सहकार्य गर्ने गराउने सम्बन्धमा आवश्यक तयारी गर्ने गराउने ।

(ङ) नीजि क्षेत्रको नेतृत्वमा आर्थिक विकास गर्ने सम्बन्धमा महासंघको तर्फबाट आवश्यक तयारी गर्ने गराउने ।

(च) नायब महानिर्देशकहरुले गरेको कामको जिम्मेवारी लिने र निजहरुको रेखदेख, नियन्त्रण तथा समन्वय गर्ने ।

(छ) महानिर्देशकले महासंघको योजना तथा कार्यक्रमको तर्जुमा साथ पदाधिकारी समितिमा पेश गर्नेछन् ।

(ज) स्वीकृत कार्यक्रम तथा बजेट अनुसार कार्यक्रमहरुको सञ्चालन गर्ने, गराउने जिम्मेवारी महानिर्देशकको हुनेछ ।

(झ) महासंघको विधान पालना गर्ने गराउने जिम्मेवारी महानिर्देशकको हुनेछ ।

(ञ) महासंघको प्रशासनिक ढाँचा तयार गरि कार्यकारिणी समितिबाट अनुमोदन गराए बमोजिम कर्मचारीलाई निर्देशन दिने, नियन्त्रण गर्ने र काममा लगाउने जिम्मेवारी महानिर्देशकको हुनेछ ।

(ट) सचिवालयले महासंघको वार्षिक नीति तथा कार्यकम तयार गरि अध्यक्षको निर्देशन अनुसार कार्यकारिणी समितिमा प्रस्तुत गर्नेछ ।

**(ठ)** महानिर्देशकले नायब महानिर्देशकहरुको प्रत्यक्ष रेखदेख तथा समन्वय गर्नेछन् । नायब महानिर्देशक पदाधिकारी समिति र कार्यकारिणी समितिको सदस्य सचिव हुनेछन् तर निजको मताधिकार हुने छैन ।

(ड) महानिर्देशकले प्रदेश सचिवालयको प्रमुखहरुको प्रत्यक्ष रेखदेख तथा समन्वय गर्ने गराउने छन ।

(ढ) महासंघको खाता सञ्चालन र कोषको जिम्मा महानिर्देशकको हुनेछ ।

(ण) महासंघ अन्तर्गत सञ्चालन हुने परियोजनाको सञ्चालन गराउने जिम्मेवारी महानिर्देशकको हुनेछ ।

(त) कार्यकारिणी समितिको निर्देशन तथा कोषाध्यक्षको सल्लाह/सुझाव बमोजिम महासंघको आर्थिक जिम्मेवारी लिने, हिसाब किताब राख्न लगाउने, आर्थिक अनुशासन कायम गर्ने, कोषको जिम्मा लिने काम महानिर्देशकको हुनेछ ।

**७०. महासंघका कर्मचारी**

महासंघका लागि आवश्यक कर्मचारीको नियुक्ति तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

**७१. कार्य विवरण तथा अभिलेख राख्ने**

७१.१ सचिवालयले सदस्यहरुको विवरण किताब, साधारण सभा, कार्यकारिणी समिति, स्थायी समिति, पदाधिकारी समिति, परिषद, अन्य समिति र उपसमितिहरुको बैठकको कार्य विवरण ( माइन्युट) राख्नेछ र कार्य विवरणको नक्कल सम्बन्धित सदस्यहरुलाई पठाउनेछ ।

७१.२ त्यस्तो कार्य विवरणमा कुनै कुरा सच्याउनु पर्ने देखिएमा सो प्राप्त भएका मितिले साधारण सभा भए १५ दिन भित्र, कार्यकारिणी समिति वा स्थायी समितिको बैठक भए ७ दिन भित्र र परिषद, समिति र उपसमितिको बैठक भए ३ दिन भित्र सचिवालयलाई लिखित सूचना गर्नु पर्नेछ । म्यादभित्र कुनै सूचना सचिवालयमा प्राप्त हुन नआएमा कार्य विवरण ठीक लेखिएको मानिनेछ ।

७१.३ उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघको साधारण सभा, निर्वाचन, हिसाब किताबको अभिलेख राखिनेछ ।

## परिच्छेद ११

## महासंघको कोष र आर्थिक प्रशासन

७२. **महासंघको कोष**

सचिवालयले वार्षिक बजेट तयार गरि अध्ययनको निर्देशन अनुसार कार्यकारी समितिमा प्रस्तुत गर्नेछ ।

७२.१ महासंघको एक छुट्टै कोष हुनेछ । यसको सञ्चालन जिम्मा कार्यसमितिका कोषाध्यक्षको निर्देशनमा महासंघको स्विकृत बजेट तथा कार्यकम भित्र रही महानिर्देशकको हुनेछ । महासंघको कोषबाट खर्च हुने रु.२०,०००।- (बीस हजार) भन्दा बढीको रकम कारोबारमा हुने बैंक खाता सञ्चालनमा महासंघको कोष हेर्ने उपाध्यक्षको सही अनिवार्य हुनेछ । जसमा देहाय बमोजिमका रकम समावेश हुनेछन् :

७२.१.१ महासंघको सदस्यता शुल्क, प्रवेश शुल्क, नविकरण शुल्क इत्यादिबाट प्राप्त रकम ।

७२.१.२ महासंघलाई प्राप्त चन्दा, सहायता, अनुदान वा यस्तै अन्य रकम ।

७२.१.३ विभिन्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त अनुदान, चन्दा वा सहयोग स्वरुप प्राप्त रकम ।

७२.१.४ महासंघले वा यसका तर्फबाट सेवा प्रदान गरे वापत प्राप्त हुने रकम, शुल्क आदि ।

७२.१.५ महासंघको सम्पत्तिबाट प्राप्त रकम ।

७२.१.६ महासंघको सदस्यहरुको प्रयासबाट प्राप्त रकम ।

७२.१.७ अन्य कुनै पनि श्रोत वा किसिमबाट महासंघलाई प्राप्त रकम ।

७२.२ महासंघको कोष रकम महासंघको उद्देश्य पूर्ति हुने कुनै कार्य वा महासंघले तोकेको काममा मात्र प्रयोग हुनेछ । तर महासंघको कोष वा सम्पत्तिबाट यसका सदस्यलाई लाभांश वा हिस्साको रुपमा वितरण गर्न सकिने छैन ।

७२.३ महासंघको खाता सञ्चालन तथा खर्च प्रकिया आर्थिक नियमावलीमा तोकिए बमोजिम गरिनेछ ।

७३. <u>**हिसाब किताब**</u>

७३.१ कार्यकारिणी समितिले प्रत्येक आर्थिक वर्षको आय, व्यय तथा चल अचल सम्पत्तिको विवरण लेखाको मान्य पद्धति अनुकूल रीतपूर्वक राख्ने व्यवस्था गर्नेछ । यसको लागि लेखापरिक्षण समिति हुने छ । तर स्थीर सम्पत्तिको बेचबिखनको हकमा कार्यकारिणी समितिबाट स्वीकृति लिनु पर्नेछ ।

७४. <u>**लेखा परीक्षण**</u>

७४.१ आन्तरिक लेखा परीक्षण :

७४.२ महासंघले आफ्नो आर्थिक कृयाकलापको सुदृढिकरणको लागि नियमित रुपमा आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था गर्नेछ ।

७४.३ <u>महासंघसंग</u> सम्बन्धित सदस्यहरुको आवश्यकता अनुसार लेखा निरीक्षण/परीक्षण गर्ने/गराउने छ ।

७४.४ महासंघको लेखापरीक्षण :

(क) महासंघको लेखा परीक्षण गराउन साधारण सभाले एउटा लेखा परीक्षक नियुक्त गर्नेछ ।

(ख) साधारण सभाले नियुक्त गरेको लेखा परीक्षक लेखा परीक्षण गराउने समयमा उपलब्ध नभएमा कार्यकारिणी समितिले अर्को लेखा परीक्षक नियुक्त गर्न सक्नेछ ।

(ग) लेखा परीक्षक **नेपाल** सरकारको सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्छ ।

(घ) लेखा परीक्षकले लेखा परीक्षण गरि आफ्नो प्रतिवेदन सहितको वासलात कोष हेर्ने उपाध्यक्षको समक्ष पेश गर्नेछ र आय व्यय विवरण कोष हेर्ने उपाध्यक्षको कार्यकारिणी समिति समक्ष पेश गर्नेछ ।

(ङ) लेखा परीक्षकको पारिश्रमिक र अन्य सुविधा साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(च) लेखा परीक्षकले लेखा परीक्षणको तात्पर्यको लागि महासंघको लेखा सम्बन्धि अभिलेख सम्बन्धि निर्णय र भण्डारको निरीक्षण गर्न सक्नेछ ।

**७५. <u>लेखा परीक्षण प्रतिवेदन</u>**

७५.१ कार्यकारिणी समितिले कोष हेर्ने उपाध्यक्षको सुझाव बमोजिम आर्थिक वर्ष पूरा भएको ३ महिना भित्र मान्यता प्राप्त लेखा परीक्षकद्वारा महासंघको हिसाब किताब लेखा परीक्षण गराउनेछ ।

७५.२ वार्षिक साधारण सभा हुनु भन्दा ३० दिन अघि कोष हेर्ने उवध्यक्षले कार्यकारिणी समितिले अनुमोदन गरेको महासंघको लेखा परीक्षकको प्रतिवेदन सहित वासलात र आय व्ययको विवरण महानिर्देशक मार्फत सदस्यहरुलाई पठाउनु पर्नेछ ।

## परिच्छेद १२

## <u>विविध</u>

**७६. <u>विधानको व्याख्या</u>**

७१.१ महासंघको विधानको व्याख्या गर्ने अधिकार कार्यकारिणी समितिलाई हुनेछ ।

७१.२ कार्यकारिणी समितिले गरेको व्याख्यामा चित्त नबुझ्नेले साधारण सभामा पुनरावेदन गर्न सक्नेछ ।

७१.३ यो विधान र महासंघका सदस्य संघहरुको विधान बाझिएमा महासंघको प्रयोजनको निमित्त महासंघको विधान मान्य हुनेछ ।

७७. <u>अविश्वासको प्रस्ताव</u>

७७.१ अध्यक्ष विरुद्धको अविश्वासको प्रस्ताव कार्यकारिणी सदस्यहरुको कुल संख्याको कम्तिमा २५ प्रतिशत सदस्यहरुले कारण खुलाई हस्ताक्षर गरी महासंघको सचिवालयमा दर्ता गर्न सक्नेछन् । यस्तो प्रस्ताव उपर कार्यसमितिमा छलफल गरि निर्णय गर्नेछ ।

(क) कार्यकारिणी समिति सदस्य तथा वरिष्ठ उपाध्यक्ष विरुद्धको अविश्वासको प्रस्ताव साधारण सदस्यको कुल मत संख्याको कम्तिमा २५ प्रतिशत सदस्यहरुले कारण खुलाई हस्ताक्षर गरि महासंघको सचिवालयमा दर्ता गर्न सक्नेछन् ।

(ख) कोषाध्यक्ष विरुद्ध अविश्वासको प्रस्तावको हकमा कार्यकारिणी समितिका सदस्यहरुको कुल संख्याको २५ प्रतिशतले कारण खुलाई हस्ताक्षर गरि महासंघको सचिवालयमा दर्ता गर्न सक्नेछन् । सो प्रस्ताव उपर कार्यकारिणी समिति सदस्यहरुको कुल संख्याको ६० प्रतिशत बहुमतले पारित गर्नु पर्नेछ ।

(ग) वरिष्ठ उपाध्यक्ष तथा कोषाध्यक्ष बाहेकका पदाधिकारीहरुको अविश्वासको प्रस्तावको हकमा क्षेत्रगत सदस्यहरुको कुल मत संख्याको २५ प्रतिशत सदस्यहरुले कारण खुलाई हस्ताक्षर गरी महासंघको सचिवालयमा दर्ता गर्न सक्नेछन् ।

७७.२ दफा ७७.१ बमोजिम प्रस्तुत अविश्वासको प्रस्ताव सम्बन्धि अन्य कुराहरु तोकिए बमोजिम हुनेछन् ।

७७.३ उपदफा ७७.१ बमोजिमको प्रस्ताव दर्ता भएको ३० दिन भित्र बैठक बस्ने गरी अध्यक्षले कार्यकारिणी समितिको बैठक बोलाउन लगाउने छन् । कुनै कारणले अध्यक्षले कार्यकारिणी समितिको बैठक बोलाउन नलगाएमा प्रथम वरियताको उपाध्यक्षले, प्रथम वरियताको उपाध्यक्षले बैठक बोलाउन नलगाएमा दोस्रो वरियताको उपाध्यक्षले, दोस्रो वरियताको उपाध्यक्षले पनि बोलाउन नलगाएमा तेस्रो वरियताको उपाध्यक्षले र तेस्रो उपाध्यक्षले उपाध्यक्षले पनि बोलाउन नलगाएमा चौथो वरियताको उपाध्यक्षले र चौथो वरियताको उपाध्यक्षले पनि बोलाउन नलगाएमा पाँचौ वरियताको उपाध्यक्षले र पाँचौ वरियताको उपाध्यक्षले पनि बोलाउन नलगाएमा माथि उल्लेखित ३० दिन बितेको १५ दिन भित्र महानिर्देशकले कार्यकारिणी समितिको बैठक बोलाउनु पर्नेछ ।

७७.४ नियमित साधारण सभा **३० दिन भित्र बस्ने भएमा** सोही साधारण सभाको विषय सूचीमा अविश्वासको प्रस्ताव समेत समावेश गरिनेछ। यस अनुरुप साधारण सभाको समय नभएमा **उपदफा ६२.२** मा उल्लेखित कार्यकारिणी समितिको बैठक बसेको मितिले ३० दिन भित्र सभा बस्ने गरी विशेष साधारण सभा कार्यकारिणी समितिले बोलाई छलफल गराउनेछ ।

७७.५ उपदफा ७७.३ र ७७.४ बमोजिम नगरेमा अविश्वासको प्रस्ताव प्रस्तुत गर्नेहरुले बैठक गरी सो बैठकले अधिकार दिएको व्यक्तिले महासंघको सचिवालयमा प्रस्ताव दर्ता गरेको मितिले १५ दिन भित्र विशेष साधारण सभा गर्ने अविश्वासको प्रस्ताव सहितको सूचना सचिवालयले महासंघका सदस्यहरुलाई पठाउनेछ । सचिवालयले पनि उल्लेख भए अनुसार सूचना नपठाएमा अविश्वास प्रस्ताव राख्ने सदस्यहरु सबैले सही गरी विशेष साधारण सभा गर्ने सूचना पठाई विशेष साधारण सभा बोलाउन सक्नेछन् ।

७७.६ कार्यकारिणी समितिको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव उपर छलफल गर्ने साधारण सभाको सभापतित्व महासंघका साधारण सदस्यहरु मध्येबाट उमेरको हिसाबबाट वरिष्ठता प्राप्त सदस्यले गर्नेछन् ।

७७.७ अध्यक्षको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव **महासंघको कार्यसमितिको बैठकको दुई तिहाई सदस्यको निर्णयले गर्नेछ । यस्तो कार्य समितिको बैठकको**सभापतित्व प्रथम वरियताको उपाध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षहरुले वरियताको क्रममा **बैंठकको** सभापतित्व गर्नेछन् ।

७७.८ कार्यकारिणी समितिको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव उपर हुने मतदानमा कार्यकारिणी समितिका पदाधिकारी एवं सदस्यहरुले र अध्यक्षको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव उपर हुने मतदानमा अध्यक्षले मतदान गर्न पाउने छैनन् ।

७७.९ अविश्वासको प्रस्ताव उपरको छलफलमा सफाई पेश गर्न पाउने अवसरबाट बञ्चित गरिने छैन ।

७७.१० अविश्वासको प्रस्ताव पारित गर्न **साधारण सभामा उपस्थित गणपूरक संख्याको ६० प्रतिशतको बहुमत हुनु अनिवार्य हुनेछ । यसरी हुने अविश्वासको प्रस्तावको मताधिकारको सिमितता उद्योग वाणिज्य संघ सदस्यको ५० प्रतिशत, वस्तुगत संघ सदस्यको २० प्रतिशत र एशोसिएट सदस्य (द्विराष्ट्रिय संघ समेत) को ३० प्रतिशत गरी सदस्यको मताधिकारलाई सिमित गरी कुल १०० प्रतिशतमा हिसाब गरी निर्धारण गरिनेछ ।**

७७.११ अविश्वासको प्रस्ताव पारित भएमा त्यसको कार्यान्वयन वार्षिक साधारण सभा वा विशेष साधारण सभाले तोके बमोजिम हुनेछ ।

७७.१२ माथि उल्लेख भएका उपदफाहरुमा जुनसुकै लेखिएको भएता पनि अविश्वासको आरोप लागेको व्यक्ति र अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्ने सदस्य संघ वा कम्पनीका प्रतिनिधिले त्यस्तो सभा वा विषयमा छलफल हुँदा अध्यक्षता गर्न पाउने छैनन् ।

## ७८. विधानमा संशोधन

७८.१ विधान संशोधनको प्रस्ताव साधारण सभामा प्रस्तुत गर्नु अगावै देहायको प्रक्रिया पूरा गरेको हुनु पर्दछ ।

७८.२ कार्यकारिणी समितिबाट प्रस्तुत हुने संशोधनको प्रस्ताव राय सहित साधारणसभा शुरु हुनु भन्दा एक महिना अगावै महासंघका सदस्य संघ समक्ष प्रस्तुत गर्नुपर्ने छ ।

७८.३ महासंघका **साधारण** सदस्यहरुबाट प्रस्तुत हुने संशोधन प्रस्ताव साधारण सभा शुरु हुनु दुइ महिना अगावै कार्यकारिणी समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ **र यस्तो प्रस्तावमा कार्यकारिणी समितिले आफ्नो धारणा सहितको संशोधन प्रास्ताव ३ (तीन) महिना अगावै उपदफा ७८.२ बमोजिम महासंघका साधारण सदस्य संघ समक्ष प्रस्तुत गर्नुपर्ने छ ।**

७८.४ महासंघको प्रत्येक सदस्यले विधानको संशोधनको वाञ्छनीयताका सम्बन्धमा आफ्नो मत वा विचार व्यक्त गर्न पाउने छन् ।

७८.५ विधान संशोधन सम्बन्धमा मतदानबाट निर्णय गर्नुपर्ने अवस्थामा **साधारण सभामा उपस्थित गणपूरक संख्याको ६० प्रतिशतको बहुमतले निर्णय गरी विधानमा संशोधन हुनेछ । यसरी हुने विधान संशोधनमा मताधिकारको सिमितता उद्योग वाणिज्य संघ सदस्यको ५० प्रतिशत, वस्तुगत संघ सदस्यको २० प्रतिशत र एशोसिएट सदस्य ( द्विराष्ट्रिय संघ समेत) को ३० प्रतिशत गरी सदस्यको मताधिकारलाई सिमित गरी कुल १०० प्रतिशतमा हिसाब गरी निर्धारण गरिनेछ ।**

BikashNews

## ७९. सदस्यको नाम परिवर्तन

**महासंघको कुनै सदस्यले आफ्नो नाम परिवर्तन गर्न सक्नेछ। यसरी परिवर्तन भएको नाम, हैसियत र ठेगाना सहितको विवरण महासंघमा १(एक) महिना भित्र प्रस्तुत गरि सक्नु पर्नेछ।**

## ८०. शपथ ग्रहण

८०.१ महासंघको कार्यकारिणी समितिमा नवनिर्वाचित अध्यक्षलाई पदभार ग्रहण गर्नु अगावै निवर्तमान अध्यक्षले शपथ ग्रहण गराउने छन्। **निवर्तमान अध्यक्ष उपस्थित नभएमा वा शपथ ग्रहण गराउन नआएमा निज भन्दा अघिका निवर्तमान अध्यक्षले शपथ ग्रहण गराउने छन् ।** अन्य पदाधिकारीहरु तथा सदस्यहरुलाई नवनिर्वाचित अध्यक्षले शपथ गराउने छन्। नवनिर्वाचित अध्यक्ष पदाधिकारीहरु तथा सदस्यहरुले लिने शपथ ग्रहण तोकिए बमोजिम हुनेछ।

**८१.** महासंघका अध्यक्ष पदाधिकारी, सदस्य, भूतपूर्व अध्यक्षहरु, महानिर्देशक समेतको मर्यादाक्रम तोकिए बमोजिम हुनेछ।

**८२. नियम बनाउने अधिकार** : विधानको उद्देश्य प्रतिकुल नहुने गरी महासंघको कार्यकारिणी समितिले विधानमा उल्लेखित उद्देश्य पूरा गर्न नियमावली बनाई लागू गर्न सक्नेछ।

**८३. बाधा अड्काउ फुकाउने अधिकार** : महासंघको विधानमा उल्लेखित उद्देश्य प्राप्तिका लागि विधानको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार महासंघको कार्यकारिणी समितिलाई हुनेछ।

## ८४. खारेजी एवं बचाउ

८४.१ यो विधान लागू हुनु पूर्व प्रचलनमा रहेको प्रबन्धपत्र तथा नियमावली र महासंघको विधान बमोजिम भए गरेका सम्पूर्ण काम कार्यवाही यसै विधान अनुरुप भए गरेको मानिने छ।

## ८५. दायित्व सर्ने

८५.१ नेपाल उद्योग वाणिज्य संघले गरेका काम, कार्यवाही तथा संघको सम्पत्ति र संघले व्यहोर्नु पर्ने दायित्व लगायत सम्पुर्ण कूराहरु यो विधान लागू हुनासाथ स्वतः सरेको मानिनेछ।

<u>(अनुसूचि १)</u>

१)	अनुसूची १ मा रहेको FNCCI को प्रतिक चिन्ह र छाप निम्नानुसार रहेको छ। उक्त प्रतिक चिन्ह र छाप कार्यकारिणी समितिको बैठकको निर्णयबाट परिवर्तन गर्न सकिनेछ।

| | |
|---|---|
| FNCCI<br>चिन्ह | FNCCI<br>छाप |

□□□□□□□□□

Bikash News